जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १०२ • २०८३ साल भाद्र १४ गते आइतबार (30 August, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## महामारी रोक्न ६६९ शव 'डिजिटल अभिलेख' राखेर गाडिने

**टुडे समाचारदाता**

काठमाण्डु । बाढीपहिरोका कारण देशका आठ जिल्लामा फेला परेका ६६९ शवको व्यवस्थापनका लागि नेपाल प्रहरीले १० बुँदे विशेष वैज्ञानिक कार्यविधि कार्यान्वयनमा ल्याएको जनाएको छ ।

शव सड्न थालेपछि फैलन सक्ने सम्भावित महामारी रोक्न र भविष्यमा आफन्तले खोज्दा सहजै पहिचान खुल्ने गरी डीएनए, फोटो र जीपीएस लोकेसनसहितको ' डिजिटल अभिलेख' राखेर शव समाधिस्थ गर्न थालिएको छ ।

प्रहरीको पछिल्लो तथ्यांक अनुसार हालसम्म रसुवामा १३, नुवाकोटमा ४१, धादिङमा ४९, चितवनमा २४८, गोरखामा ५४, तनहुँमा ३१, नवलपरासी (पूर्व) मा १५८ र नवलपरासी (पश्चिम) मा ७५ गरी कुल ६६९ जनाको शव फेला परेको छ ।

अस्पतालको शवगृह भरिएपछि र सङ्क्रमणको जोखिम उच्च बनेपछि 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम जिल्ला सुरक्षा समितिहरूको निर्णयमा सुरक्षित व्यवस्थापन सुरु गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले शव व्यवस्थापन गर्दा कुनै पनि व्यक्तिको पहिचान सधैंका लागि नहराओस् भन्नेमा विशेष सतर्कता अपनाएको छ । फेला परेका शवलाई 'डेड बडी ब्याग' मा राखेर अस्पताल पुर्‍याएपछि फोरेन्सिक चिकित्सकको उपस्थितिमा चारैतिरबाट फोटो खिच्ने, हुलिया र पहिचान चिन्ह अभिलेख गर्ने तथा पोस्टमार्टम गर्ने काम गरिन्छ ।

### भोटेकोशीको बाढीपछि माधव नेपालको चेतावनी

# नेपाल-भारत-चीनबीच सहकार्य नभए संकट गहिरिने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कम्युनिष्ट शक्तिबीच मजबुत एकता कायम गर्नु आजको आवश्यकता रहेको बताएका छन् ।

स्वर्गीय पुष्पलाल स्मृति दिवसको अवसरमा पुष्पलाल मित्रता केन्द्र, मधेश प्रदेशले शनिबार आयोजना गरेको 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयक विचार गोष्ठीमा बोल्दै नेपालले कम्युनिष्ट शक्तिको विभाजन र आपसी मतभेदका कारण मुलुकमा वामपन्थी शक्ति कमजोर बन्दै गएको बताए ।

"वस्तुगत परिस्थितिको सही ढंगबाट विश्लेषण गर्दै कम्युनिष्ट शक्तिबीच मजबुत एकता कायम गर्नु आजको आवश्यकता हो," उनले भने ।

नेपालले भोटेकोशी नदीमा आएको बाढी तथा विभिन्न जिल्लामा भएका बाढी-पहिरोका घटनाबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली र घाइतेप्रति शीघ्र स्वास्थ्य लाभको कामना गरे । उनले बाढी तथा पहिरोमा परी बेपत्ता भएकाहरूको खोजी तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन र पीडितलाई राहत उपलब्ध गराउने काममा तीव्रता दिन सरकारसँग आग्रह गरे ।

नेपाल, भारत र चीनले बाढी, पहिरो तथा अन्य साझा समस्यालाई गम्भीरतापूर्वक लिएर संयुक्त रूपमा समाधानको प्रयास नगरे तीनवटै देशले भविष्यमा गम्भीर संकटको सामना गर्नुपर्ने उनको भनाइ थियो ।



कम्युनिष्ट पार्टीहरू मुलुकको समृद्धि, लोकतन्त्रको सुदृढीकरण र जनताका पक्षमा सामाजिक न्याय स्थापना गर्ने उद्देश्यका साथ अघि बढिरहेको उल्लेख गर्दै नेपालले पुराना राजनीतिक दलहरूले मुलुकका लागि केही पनि नगरेको भन्ने भाष्य गलत रहेको जिकिर गरे ।

उनले आफू नेतृत्वको सरकारका पालामा ६२ हजार सुकुम्बासीलाई जग्गा उपलब्ध गराउनुका साथै घर निर्माण गरी वितरण गरिएको दाबी गरे । वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, एकल महिला, विधवा तथा बालबालिकाको विकासका लागि बजेट छुट्याएर सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको पनि उनले बताए ।

वर्तमान सरकार मजदुर, सुकुम्बासी र विद्यार्थीविरोधी रहेको आरोप लगाउँदै नेपालले सरकारबाट सकारात्मक अपेक्षा नरहेको बताए । उनले जनताले विगतमा प्राप्त गरेका उपलब्धिमाथि समेत सरकारले बन्देज लगाउन खोजेको आरोप लगाए ।

"हाम्रो सरकारको पालामा हामीले केही गरेनौं भन्ने भाष्य निर्माण हुनु गलत हो। यसको प्रतिवाद गर्न आवश्यक छ," उनले भने ।

विगतमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठनपछि दुई तिहाइ बहुमतको सरकार सञ्चालन गर्न नसक्नु कमजोरी भएको स्वीकार गर्दै उनले कम्युनिष्ट पार्टीमा व्यक्तिवाद हावी हुनु गलत रहेको बताए । पार्टीलाई दास र गुलामी मानसिकताबाट जोगाउनुपर्नेमा उनले जोड दिए ।

उनले नेपाली विशेषताअनुसारको समाजवादको नीति अघि बढाउँदै कम्युनिष्ट पार्टीहरूबीच एकता गर्नुपर्ने बताए ।

सो गोष्ठीमा नेपाली कम्युनिष्ट पार्टी एमालेका मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठले वर्तमान सरकार विदेशी शक्तिको आडमा 'ग्रान्ड डिजाइन' अन्तर्गत बनेको आरोप लगाए ।

पूर्वमन्त्रीसमेत रहेका श्रेष्ठले अमेरिकी सेना अधिकारीदेखि मन्त्रीसम्म विभिन्न रूपमा सक्रिय रहेको दाबी गर्दै उनीहरूकै दबाबमा नेपालमा एसएसपी सम्झौता लागू गर्न खोजिएको आरोप लगाए ।

"नेपालमा भू-राजनीतिक गतिविधि बढेको छ। मुलुकको अवस्था अत्यन्त गम्भीर मोडमा छ। अहिले एक्लै लड्ने अवस्था छैन," उनले भने ।

इन्चार्ज श्रेष्ठले पार्टी बिग्रिनुको कारण खोज्दै समीक्षा, सहकार्य र समन्वयमार्फत कम्युनिष्ट शक्तिहरूबीच एकता गर्नुपर्ने बताए । विगतमा जस्तो तत्काल एकता गर्नुभन्दा चरणबद्ध रूपमा सहकार्य, समन्वय हुँदै एकताको प्रक्रिया अघि बढाउन सकिने उनको भनाइ थियो ।

उनले तत्कालीन नेकपा र नेकपा एमाले बीच एकता हुनुअघि पनि समन्वय र सहकार्यको प्रक्रिया अघि बढाइएको स्मरण गरे ।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का मधेश प्रदेश इन्चार्ज तथा पूर्वमन्त्री महेन्द्र राय यादवले नेपालमा कम्युनिष्टहरूको प्रभाव बढ्दै गएपछि साम्राज्यवाद र विस्तारवादको योजना अनुसार कथित विद्रोहका नाममा वितण्डा मच्चाइएको आरोप लगाए ।

उनले दुई पार्टीबीच एकता गरी मुलुकको वास्तविकताबारे आमजनतालाई जानकारी गराउँदै जनताका पक्षमा आन्दोलनको तयारी थाल्नुपर्ने बताए ।

वामबुद्धिजीवी रोशन जनकपुरीले भने वामपन्थीहरूको एकताभन्दा आमजनताका समस्या केन्द्रमा राखेर अघि बढ्नुपर्ने धारणा राखे। जनजीविका, परिवर्तन र गणतन्त्रका सवालमा स्पष्ट धारणा बनाएर अघि बढे मात्रै वामपन्थी आन्दोलनले सार्थकता पाउने उनको भनाइ थियो ।

उनले विगतको सत्ता केन्द्रित गतिविधिको तथ्यांकसहित समीक्षा गर्नुभन्दा पार्टीभित्रका विकृति, विसंगति, नातावाद र कृपावादको विरोध गर्दै जनताको गणतन्त्रात्मक व्यवस्थाका लागि एकजुट हुनुपर्ने बताए ।

जनकपुरीले वामपन्थी दलहरूलाई वास्तविक अर्थमा कम्युनिष्ट चरित्र विकास गर्न आग्रह गर्दै कम्युनिष्ट पार्टीले अन्य दलहरूले जस्तो जनतालाई सत्तामा पुग्ने भऱ्याङका रूपमा प्रयोग गर्न नहुने बताए ।

पुष्पलाल मित्रता केन्द्र, मधेश प्रदेशका अध्यक्ष यदुवंश झाको अध्यक्षतामा भएको गोष्ठीमा केन्द्रका अध्यक्ष जगन्नाथ खतिवडाले 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । पत्रकार किरण कर्णले 'मधेशमा वामपन्थी दलहरूको अवस्था, भूमिका र अबको बाटो' विषयमा प्रस्तुतीकरण दिएका थिए ।

# 'रेफ्रिजरेटिङ कन्टेनर' नहुँदा शव व्यवस्थापनमा 'हम्मेहम्मे'

**टुडे समाचारदाता**

काठमाण्डु । शनिबार रातिसम्म भोटेकोशी बाढीबाट मृत्यु भएका व्यक्तिका ६६९ वटा शव फेला परेका छन्। नेपाल प्रहरीका अनुसार फेला परेका शवमध्ये १४८ महिला, २६८ पुरुष, २२ बालिका, २० बालक र २११ वटा आंशिक अंग छन् ।

प्रहरीले जनाए अनुसार रसुवामा १३, नुवाकोटमा ४१, धादिङमा ४९, चितवनमा २४८, गोरखामा ५४, तनहुँमा ३१, नवलपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ वटा शव फेला परेका छन् ।



फेला परेकामध्ये २० वटा शव आफन्तको जिम्मा लगाइएको छ । प्रभावित जिल्लामा फरेन्सिक चिकित्सकको अभाव हुँदा शवको व्यवस्थापनमा समस्या देखिएको प्रहरीले जनाएको छ ।

शव भण्डारणका लागि पर्याप्त 'रेफ्रिजरेटिङ कन्टेनर' नहुँदा प्रहरीले शव सुरक्षित राख्न कठिनाइ भोगिरहेको छ । अस्पतालका शवगृह भरिएपछि थप समस्या उत्पन्न भएको छ । शव भण्डारणमा समस्या देखिन थालेपछि जिल्ला प्रशासन कार्यालय चितवनले शनिबार केही शव जमिनमा समाधिस्थ गरेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले बाढीमा परी मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन चुनौतीका रूपमा देखिएको जानकारी दिए ।

"शव व्यवस्थापनका लागि चाहिने 'रेफ्रिजरेटिङ कन्टेनर' निकै आवश्यक देखिएको छ," उनले भने, "हामीले यसबारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग पहल गरिरहेका छौं ।"

बाढीले बगाएर ल्याएका शवको सुरक्षित व्यवस्थापनमा ढिलाइ हुँदा महामारी फैलिन सक्ने चिकित्सकहरूले चेतावनी दिएका छन् । फेला परेका कतिपय शव पहिचान गर्न नसकिने अवस्थामा छन् भने कतिपय स्थानमा मानव अंग मात्रै फेला परेका छन् ।

शव संकलन, पहिचान र व्यवस्थापनका लागि विशेष टोली परिचालन गरिएको प्रहरीले जनाएको छ। फेला परेका शवको तस्बिरसहितको विवरण प्रहरीको वेबसाइटमा राखिएको छ ।

प्रहरी हेडक्वार्टरमा प्रहरी नायब महानिरीक्षक सुदर्शनप्रसाद कोइरालाको नेतृत्वमा 'नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र' सञ्चालनमा ल्याइएको छ। विपद् भएको दिन साँझदेखि नै उक्त केन्द्र सञ्चालनमा आएको छ ।

केन्द्रले सोही दिनदेखि फेला परेका शवको फोटो तथा भिडियोसहित विस्तृत विवरण सङ्कलन गरी व्यवस्थापनको काम गर्दै आएको छ । साथै, बाढीमा परी हराइरहेका व्यक्तिको विवरण सङ्कलन गरी खोज तथा उद्धारमा समन्वय गरिरहेको छ ।

कानुनी सहायता तथा मुचुल्का लेखनका लागि प्रभावित जिल्लामा टोली परिचालन गरिएको प्रहरीले जनाएको छ ।

भदौ १० गते आएको बाढीमा परी एक हजार ८६३ नेपाली र ५२३ विदेशी गरी कुल दुई हजार ३६२ जना बेपत्ता भएको सरकारी तथ्यांक छ । बेपत्ताको खोजीका लागि रसुवा, नुवाकोट हुँदै त्रिशूली नदीको तटीय क्षेत्रमा ठूलो संख्यामा सुरक्षा फौज परिचालन गरिएको छ ।

हराइरहेका व्यक्तिको खोजीका लागि अनलाइनबाट निवेदन लिन थालिएको र खोजी कार्य तीव्र बनाइएको प्रहरी प्रवक्ता काफ्लेले बताए । विभिन्न अस्पतालमा उपचाररत घाइतेको विवरण नेपाल प्रहरीको फेसबुक पेजमार्फत हेर्न सकिने व्यवस्था मिलाइएको छ ।

सम्पर्कविहीन प्रहरी कर्मचारी तथा सर्वसाधारणको खोजतलासलाई पनि निरन्तरता दिइएको उनले बताए ।

सम्पर्कविहीन विदेशी पर्यटकको समन्वय तथा विवरण सङ्कलनका लागि पर्यटक प्रहरी परिचालन गरिएको छ ।

बाढीपछि हालसम्म एक हजार ५०६ पुरुष र ७९५ महिला गरी दुई हजार ३०१ जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ । उद्धार गरिएका व्यक्तिलाई नुवाकोटमा रहेका नौवटा 'होल्डिङ सेन्टर'मा राखिएको छ ।

बाढी प्रभावितलाई सुरक्षित आश्रय दिन प्रहरीले नुवाकोट र धादिङमा 'होल्डिङ सेन्टर' स्थापना गरेको छ। हाल धादिङको होल्डिङ सेन्टरमा भने कोही पनि आश्रय लिएर बसेका छैनन् ।

घाइतेको उद्धार तथा उपचारका लागि नेपाल प्रहरीका २२ वटा मेडिकल टोली फिल्डमा खटिएका छन् । सम्पर्कविहीन व्यक्तिको खोज तथा उद्धारका लागि कुकुर र ड्रोनसहित प्रहरी परिचालन गरिएको छ ।


बाढी प्रभावित क्षेत्रमा प्रभावकारी उद्धारका लागि आवश्यक उपकरणको अभाव हुँदा खोज तथा उद्धारमा चुनौती थपिएको प्रहरीले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा अझै पनि हिलो र दलदल रहेकाले उद्धारमा समस्या भइरहेको उद्धारकर्मीले बताएका छन् ।

बाढीका कारण अवरुद्ध भएका मुख्य राजमार्गमा सवारी सञ्चालनमा ल्याइएको छ । भदौ १० गतेदेखि अवरुद्ध पृथ्वी राजमार्गको नौबिसे-मुग्लिन खण्ड शनिबारदेखि सञ्चालनमा आएको छ ।

विपद्को मौका छोपी चोरी, लुटपाटलगायत आपराधिक गतिविधि हुन नदिन प्रहरीले निगरानी बढाएको छ। त्यस्ता गतिविधिमा संलग्न व्यक्तिलाई पक्राउ गरी कानुनबमोजिम कारबाही गरिएको प्रवक्ता काफ्लेले जानकारी दिए ।

"महिलाको शवबाट गहना निकाल्नेदेखि बाढीले बगाएर ल्याएको बैंकको भल्ट चोरी गर्नेसम्मलाई कारबाही गरिएको छ," उनले भने, "अप्ठ्यारो अवस्थामा 'मिसइन्फर्मेसन', 'डिसइन्फर्मेसन' वा गलत अफवाह फैलाउने व्यक्तिको पहिचान गरी कारबाही भइरहेको छ ।"


विपद्को विषम परिस्थितिमा तत्काल खोज तथा उद्धार, स्वास्थ्य सहायता, राहत वितरण, 'होल्डिङ सेन्टर' व्यवस्थापन, शव संकलन तथा व्यवस्थापनमा प्रहरी संगठन दिनरात खटिरहेको उनले बताए ।

# भोटेकोशी बाढीपीडितलाई वीरगञ्ज महानगरको सहयोग

टुडे समाचारदाता

वीरगञ्ज । भोटेकोशी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापनाका लागि पर्साको वीरगञ्ज महानगरपालिकाले १ करोड ११ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ।



वीरगञ्ज महानगरपालिकाका कार्यवाहक नगर प्रमुख इम्तियाज आलमको अध्यक्षतामा बसेको आकस्मिक कार्यपालिका बैठकले बाढीपीडितका लागि उक्त रकम सहयोग गर्ने निर्णय गरेको छ।

वीरगञ्ज महानगरपालिकाका अनुसार सहयोग रकम विभिन्न आन्तरिक स्रोतबाट जुटाइने जनाइएको छ।

महानगरपालिका अन्तर्गतका प्रत्येक वडा कार्यालयबाट १ लाख २५ हजार रुपैयाँका दरले रकम उपलब्ध गराइने योजना रहेको नगरप्रमुख आलमले जानकारी दिए।

त्यस्तै, महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूले एक महिनाको तलब तथा सेवासुविधा बराबरको रकम बाढीपीडितका लागि प्रदान गर्ने निर्णय भएको छ।

महानगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको तलबबाट पनि मुख्यसचिवस्तरीय निर्णयअनुसार तोकिएको रकम कट्टा गरी सहयोग रकममा समावेश गरिने महानगरपालिकाले जनाएको छ । भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण ठूलो जनधनको क्षति भएकाले पीडित नागरिकलाई राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले आकस्मिक कार्यपालिका बैठक बोलाएर आर्थिक सहयोगको निर्णय गरिएको कार्यवाहक नगर प्रमुख आलमले बताए।

विपद्को कठिन समयमा पीडित नागरिकप्रति स्थानीय सरकारको साथ र ऐक्यबद्धता जनाउन सहयोगको निर्णय गरिएको उनको भनाइ छ।

# भीषण बाढीपछि अवरुद्ध सञ्चार यसरी भयो पुनःस्थापना

काठमाण्डु । गत बुधबार बिहान रसुवाको भोटेकोशी नदीमा आएको भिषण बाढीका रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भयो । बाढी आएलगत्तै सञ्चार सेवा अवरुद्ध भयो, जसले गर्दा आम नागरिकले समयमै सही सूचना पाउन सकेनन् । फलस्वरुप मानिसहरु समयमै सही सूचनाबाट बञ्चित भए।



मानिसहरुले जे जति सूचना पाए त्यसले आम मानिसमा चिन्ता फैलायो । सामाजिक सञ्जालमा एकपछि अर्को गर्दै आएका बाढीका तस्बिर र भिडियोले तनाव झन बढायो । बाढीका कारण छोटो समयमा लाखौं मानिसहरु प्रभावित भएपछि सरकारले खोज र उद्धारका लागि तत्काल काम सुरु गऱ्यो। सोही समयमा सूचना तथा सञ्चार मन्त्रालयले सञ्चार पुनःस्थापनाका लागि काम सुरु गऱ्यो।

मन्त्रालयमा समन्वय कार्यान्वयन तथा अनुगमन अधिकृत किरन घिमिरेका अनुसार तत्कालै नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, एनसेल, सशस्त्र प्रहरीको समन्वयमा तत्कालै काम सुरु भयो। "हामीले बाढी आएको दिन दिउँसो २ बजेदेखि नै सञ्चार पुनःस्थापनाका लागि काम गरिसकेका थियौं, सोही दिन प्रभावित क्षेत्रमै पुगेर अनुगमन गरी कसरी काम गर्ने योजना बनाएका थियौं", अनुगमन अधिकृत पण्डितले भन्नुभयो।

रसुवा, नुवाकोट र धादिङमा सञ्चालनमा रहेका नेपाल टेलिकम (एनटिसी)का १२० र एनसेलका ७८ बिटिएस टावर सञ्चालन थिए। जसमध्ये बाढीका कारण एनटिसीका ३८ र एनसेलका २७ वटा टावरको सेवा अवरुद्ध भएको थियो । कतिपय ठाउँमा टावरमै ठूलो क्षति पुगेको थियो भने कतिपय ठाउँमा टावर सञ्चालनका लागि आवश्यक ऊर्जाको अभाव भइसकेको थियो।

सरकारले त्यसपछि हेलिकप्टर र सडकमार्गबाट इन्धन, सोलार प्यानल र जेनेरेटर ढुवानी गरेर टावरहरु सञ्चालनको प्रयास गरेको थियो । जसमध्ये हालसम्म एनटिसीका ८६ र एनसेलका ७० वटा बिटिएस टावर सञ्चालनमा आइसकेको सम्बन्धित सेवाप्रदायकले जनाएका छन् । अब केही दिनमा बाँकी एनटिसीका ३८ र एनसेलका आठ वटा टावर सञ्चालनमा ल्याउने गरी काम भइरहेको कम्पनीहरुको भनाइ छ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडीका अनुसार बाढीबाट प्रभावित क्षेत्रमा नेपाल टेलिकमका कुल १२० वटा टावर थिए । जसमध्ये हाल ८२ वटा पुनः सञ्चालनमा ल्याइएका छन् भने आएका छन् । उहाँका अनुसार केही टावर बाढीबाट पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् । साथै बाँकी टावरहरू चाँडोभन्दा चाँडो सञ्चालनमा ल्याउन विद्युत् आपूर्ति र इन्धन व्यवस्थापनलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ। बाढीका कारण अधिकांश साइटमा विद्युत् आपूर्ति अवरुद्ध भएपछि सुरुमा करिब आठ घण्टासम्म ब्याट्री ब्याकअपबाट सेवा सञ्चालन गरिएको थियो। त्यसपछि हेलिकप्टरमार्फत जेनेरेटर र इन्धन प्रभावित क्षेत्रमा पुऱ्याइएको उहाँको भनाइ छ।

साथै सडक मार्गबाट समेत त्रिशूलीसम्म जेनेरेटर र इन्धन पुऱ्याइएको र प्रभावित क्षेत्रमा काम गर्ने कर्मचारीलाई आवतजावत गर्न सहज हुने अवस्था र आवश्यक इन्धन तथा अन्य सहयोग उपलब्ध भएमा बाँकी साइटहरू चाँडै सेवा पुनः सञ्चालनमा ल्याइने एनटिसीको भनाइ छ । "बाढीका कारण गल्छीदेखि नुवाकोटसम्मको फाइबर लिंक पूर्ण रूपमा अवरुद्ध भएको थियो । फाइबर क्षतिग्रस्त भएपछि ककनीतर्फको आरएएस फाइबरलाई ब्याकअपका रूपमा प्रयोग गरिएको र माइक्रोवेभ लिंक प्रयोग गरेर प्रभावित क्षेत्रका साइटहरू सञ्चालनमा ल्याइएको हो", उहाँले भन्नुभयो । उहाँका अनुसार टेलिकमले प्रभावित क्षेत्रका आफ्ना एक लाख ६० हजार बासिन्दालाई बुधबारदेखि दुइए दिनका लागि निःशुल्क गरिएको डाटा, एसएमएस र भ्वाइस सेवालाई पाँच दिनसम्मका लागि बढाइएको बताउनुभयो।

एनसेलका नेटवर्क प्रमुख लीना केशरी कंशाकारका अनुसार रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा आएको बाढी तथा पहिरोका कारण एनसेलका दूरसञ्चार पूर्वाधारमा ठूलो क्षति पुगेको थियो । बाढीका कारण रसुवादेखि करिब ७०-८० किलोमिटरको क्षेत्रमा विभिन्न स्थानमा फाइबर काटिनुका साथै बगाएपछि एनसेलका २७ वटा बीटीएस साइट प्रभावित भएका थिए।

उहाँका अनुसार त्यसपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, नेपाली सेना तथा विपद् व्यवस्थापनसँग सम्बन्धित निकायको सहयोगमा प्राविधिक टोली परिचालन गरी प्रभावित क्षेत्रमा सेवा पुनःस्थापनाको काम सुरु गरिएको थियो । बाढीपछि अवरुद्ध भएका २७ बिटिएस टावरमध्ये १८ वटा सञ्चालनमा ल्याइसकिएको र अब ९ वटा मात्रै सञ्चालनमा आउन बाँकी रहेको एनसेलले जनाएको छ। ती बिटिएस टावर पनि चाँडै सञ्चालनमा आउने एनसेलको भनाइ छ।

फाइबरमार्फत सेवा पुनःस्थापना गर्न सम्भव नभएका स्थानमा पुराना माइक्रोवेभ लिंकको प्रयोग गरी टावर सञ्चालनमा ल्याइएको एनसेलले जनाएको छ। साथै, विद्युत् आपूर्ति अवरुद्ध भएका स्थानमा जेनेरेटर सञ्चालनका लागि आवश्यक इन्धनसमेत हेलिकप्टरमार्फत पुऱ्याइएको कम्पनीको भनाइ छ।

एनसेलले बाढी प्रभावित मानिसहरुका लागि थप ७ दिन निःशुल्क सेवा दिने समेत घोषणा गरिसकेको छ । "हाम्रो यो योगदानले प्रभावित समुदायलाई यो विपद्का बेलामा आफ्ना परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न सहज हुने विश्वास लिएका छौं। यस कठिन समयमा आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु हामी सबैको जिम्मेवारी हो," एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भन्नुभयो । यसअघि एनसेलले तीन दिनका लागि निःशुल्क भ्वाइस, एसएमएस र डेटा सेवा घोषणा गरेको थियो।

एनसेलले नेटवर्क पुनःस्थापनाका क्रममा सहयोग प्रदान गर्ने नेपाल दूरसञ्चार प्राधिकरण, सूचना तथा सञ्चार मन्त्रलय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, नेपाली सेना, हुवावेलगायतका संस्थाले ठूलो सहयोग गरेको जनाएको छ।

प्रविधि सेवा प्रदायक कम्पनी हुवावे नेपालका अनुसार कम्पनीले बाढी प्रभावित क्षेत्रमा नेपाल टेलिकम र एनसेलको सहकार्यमा गरी १० वटा महत्वपूर्ण हब साइटसहित कुल ७० वटा साइट पुनः सञ्चालन गरेको जनाएको छ । यसमध्ये दुई वटा महत्वपूर्ण फाइबर लिंक र दुई वटा प्रमुख हब साइटको पुनःस्थापनाले थप २९ साइट पुनः सञ्चालनमा आएको कम्पनीको भनाइ छ । कम्पनीले बाढी प्रभावित क्षेत्रममा सञ्चार पुनःस्थापनाका लागि रेडियो, माइक्रोवेभ र फाइबर कनेक्टिभिटीका लागि साइट तथा ट्रान्समिसन लिंक सुधारमा काम गरेको तथा इन्धन, जनशक्ति, उपकरण तथा सामग्री परिचालनलगायतका लजिस्टिक्स र फिल्ड सहयोगलाई तीव्रता दिइएको जनाएको छ । साथै दुर्गम तथा बाढी प्रभावित क्षेत्रमा आवश्यक परेको अवस्थामा हेलिकोप्टरको सहयोगसमेत लिएको हुवावे नेपालको भनाइ छ। रासस

# विभिन्न अस्पतालमा यसरी भैराखेको छ शव व्यवस्थापन

काठमाण्डु । रसुवाको भोटेकोशी नदीमा गत बुधबार बिहान आएको बाढीका कारण ठूलो धनजनको क्षति भयो । बाढीले रसुवा, नुवाकोट र धादिङमा ठूलो असर गरेको छ। यसबीचमा अहिले सुरक्षा निकायले उद्धार, खोज र राहतमा जुटिरहेका छन्।

यद्यपि बाढीमा परेर निधन भएकाहरुको शव संकलन र व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हाल बाढीमा निधन भएकाको शव विभिन्न अस्पतालमा पुऱ्याइएको छ भने यो क्रम जारी छ।




प्राधिकरणका अनुसार शुक्रबार साँझसम्म फेला परेका ५७९ मध्ये ५११ जनाको शव विभिन्न अस्पतालमा पुर्याइएको छ। जसअनुसार रसुवामा फेला परेका तीन शव जिल्ला अस्पताल धुन्चे रसुवामा राखिएको छ।

साथै धादिङमा संकलन गरिएका २७ शव पोखरा र १० शव त्रिवि शिक्षण अस्पतालमा राखिएको छ। नुवाकोटमा फेला परेका ३८ शव त्रिवि शिक्षण अस्पतालमा राखिएको छ। चितवनमा फेला परेका १७१ शव जिल्ला अस्पताल भरतपुरमा, चार शव नेशनल सिटी अस्पताल, दुई शव भरतपुर सामुदायिक अस्पताल, दुई शव नारायणी अस्पताल र ४१ शव औद्योगिक व्यावसायिक विकास प्रतिष्ठानमा राखिएको छ।

तनहुँमा फेला परेका शवमध्ये नौ शव मणिपाल अस्पताल पोखरा, पाँच शव प्रादेशिक अस्पताल दमौली र १४ शव गण्डकी अस्पताल पोखरामा राखिएको छ । गोरखामा भेटिएका शवमध्ये २९ प्रदेश अस्पताल गोरखामा, ११ शव गण्डकी अस्पताल पोखरा र चार शव नुप अस्पताल गोरखामा राखिएको छ।

नवलपरासी सुस्ता पूर्वमा भेटिएका शवमध्ये ६ मध्यविन्दु नगर अस्पताल चोरमारामा, ३६ गैंडाकोट नगर अस्पतालमा, २२ मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा, चार शव जिल्ला अस्पताल पाल्पा, दुई मिसन अस्पताल पाल्पा, दुई लुम्बिनी अस्पताल पाल्पा र ४१ गण्डकी अस्पताल पोखरामा राखिएको छ।

पश्चिम नवलपरासीमा फेला परेका शवमध्ये ८ पृथ्वी चन्द्र अस्पताल परासी, ११ लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रुपन्देही, तीन वा शव भीम अस्पताल भैरहवा र ६ शव पिपरा अस्पताल कपिलवस्तुमा राखिएको प्राधिकरणले जनाएको छ । अन्य शवहरुलाई पनि पायक पर्ने अस्पतालमा लैजाने काम भइरहेको र भेटिएका शवहरु संकलन गरी सम्बन्धित स्थानमा पुर्याउने कार्य समेत भइरहेको प्राधिकरणको भनाइ छ। रासस

# पुजारीले चिच्चाएर बर मागिदिने 'खयरभरानी'

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ मा रहेको 'खयरभरानी' तालमा पुजारीले चिच्चाएर बर मागिदिने चलन रहेको छ। समुन्द्रि सतहदेखि चार हजार ६५० मिटर उचाइमा अन्नपूर्ण हिमालको फेदीमा रहेको खयरभारानी तालमा र थानमा हरेक वर्षको जनै पुर्णिमा पर्वको अवसरमा चिच्याएर बर मागिदिने मेला लाग्ने गर्छ।

यस वर्षको मेलामा पनि म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की र काठमाडौंलगायत देशका विभिन्न ठाउँबाट पुजाआजाका लागि भक्तजन आएका खयरभारानी क्षेत्र संरक्षण समितिका संरक्षक राजु पुनले बताउनुभयो।

"परापुर्व कालदेखिनै ताल परिसरको थानभित्र बस्ने पुरुष पाडे (पुजारी)लाई भक्तजनले नाम, बर माग्ने विषय जानकारी गराउने, चिच्याएर खयरभारानी मातासँग बर मागिदिने चलन छ," उहाँले भन्नुभयो "पाउद्धारदेखि खयरभारानी तालसम्म पर्ने खोपारा र ढोकाधारीको थानमा पनि पुरुष पुजारीले चिच्चाएर बर मागिदिने बर्षौं अघिदेखिको चलन हो।"

रभारानी तालमा भाकल गरेमा सन्तान प्राप्ती, शिक्षा, रोजगारीमा सफलता, सम्पत्ती आर्जन हुने जनविश्वास रहेको पाउद्धार गाउँका ७५ वर्षी रुद्रबहादुर मगरले बताउनुभयो। भाकल गरेको पुरा भएपछि भेडाको साड र बोका बली चढाउने चलन छ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका माइलन पुनले खयरभारानीमा भाकल गरेको पुरा भएपछि पुजा गर्न आएको बताउनुभयो। बेनीकी धनकुमारी पुर्जाले खयरभारानी दर्शन गरेपछि मनोकाक्षा पुरा भएकाले पछिल्ला तीन वर्ष लगातार पुजाआजा गर्न आएको बताउनुभयो।

पोखराकी विष्णु जिसीले मनोकांक्षा पुरा हुने विश्वासका साथ खयरभारानी दर्शनका लागि आएको बताउनुभयो। यसपाली करिब एक जना जना भक्तजनले खयरभारानीमा पुजाआजा गरेका समितिले जनाएको छ। पाउद्धार गाउँदेखि दुई दिनको पैदलयात्रापछि खयरभारानी ताल पुगिन्छ।

बस्तिदेखि टाढा रहेको खयरभारानी दर्शनका लागि खोपारामा पाउद्धार पर्यटन सहकारी संस्था र खयरखोलामा समितिले भक्तजनलाई आवास र खानाको सुविधा दिएका थिए। सामुदायिक लज र टहरामा नअटाएका भक्तजन भेडा गोठालाले सञ्चालन गरेको 'गोठस्टे'मा पनि बास बसेर खयरभारानी दर्शन गरेर फर्किएका छन्।

तालको क्षेत्रफल १० हजार वर्गमिटर छ। तालको छेवैमा खयरभारानी थान रहेको छ। पर्यटकीय स्थल खोप्रबाट करिब सात घण्टाको पैदल यात्रापछि खयर तालमा पुग्न सकिन्छ। अन्नपूर्ण र बराह शिखर हिमालको फेदीमा रहेको खयरभारानी ताल परिसरदेखि धौलागिरि हिमालको दृष्य अवलोकन गर्न सकिन्छ।

स्थानीयबासीले दिवंगत आफन्तको स्मृतिमा कालीगण्डकी किनारको घारखोलादेखि पाउद्वार खोपारा, खयरखोला हुँदै खयरभारानी तालसम्म करिब २७ किलोमिटर ढुङ्गाको सिढीसहितको पदमार्ग, खानेपानी र आश्रयस्थल बनाएका छन्। दाताबाट रु एक करोड ८० लाख जुटाएर पूर्वाधार निर्माण गरेको जानकारी दिँदै संरक्षक पुनले सरकारी निकायबाट पनि सहयोगको अपेक्षा गरेको बताउनुभयो। रासस

# भोटेकोशीमा बाढीको जोखिम कायमै

काठमाण्डु । जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गतको बाढी पूर्वानुमान महाशाखाले रसुवाको भोटेकोशी क्षेत्रमा बाढीको जोखिम रहेको जनाएको छ।

भोटेकोशी र त्रिशूलीमा हाल जलसतह सामान्य रहे पनि माथिल्लो क्षेत्रमा नदी थुनिएर बनेको ताल फुट्ने जोखिम रहेकाले नदी किनारमा आवतजावत नगर्न र पूर्वसूचनामा ध्यान दिन महाशाखाले आग्रह गरेको छ।

महाशाखाका बाढीविद् विनोद पराजुलीले चीन सरकारबाट प्राप्त सूचना तथा भू-उपग्रह तस्बिरको प्रारम्भिक विश्लेषणअनुसार भदौ १० गते बाढी आएको स्थानमा नदी थुनिएर बनेको तालको आकार बढ्दै गएको र उक्त ताल फुट्ने जोखिम रहेको राससलाई जानकारी दिनुभयो।

"नदी थुनिएर बनेको ताल बढ्दै गएको र फुट्ने जोखिम देखिएको छ । ताल फुटेमा फेरि पानीसँगै ढुङ्गा, माटो तथा गेग्रान बगेर तल्लो तटीय क्षेत्रमा अचानक बाढी आउन सक्ने जोखिम छ," उहाँले भन्नुभयो, "भोटेकोशीमा बाढी आएपछि हाल भोटेकोशी र त्रिशूली नदीको बहाव सतर्कता तहभन्दा तल रहे पनि तल्लो तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। बाढीको खतरा बढेमा पूर्वसूचना जारी गर्नेछौं ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन तपाईका लागि सामान्यता फलदायी रहनेछ। |
| वृष : | तपाईका लागि आजको दिन केही चुनौतीपूर्ण हुन सक्छ। |
| मिथुन : | समय अनुकूल र उत्साहजनक छ। |
| कर्कट : | प्रतिस्पर्धामा सफलता मिल्ने दिन छ। |
| सिंह : | सुरुमा केही दुविधा वा अलमल भए पनि विस्तारै स्थिति नियन्त्रणमा आउनेछ। |
| कन्या : | पारिवारिक वा घरायसी विषयमा केही तनाव हुन सक्छ। |
| तुला : | आफ्नै मिहिनेतले ठुला कामहरु सम्पादन गर्न सकिनेछ। |
| वृश्चिक : | धन लाभ हुनेछ र नयाँ लगानीको सोच बनाउन सक्नुहुनेछ। |
| धनु : | मनमा नयाँ विचार र उत्साह थपिनेछ। मान-सम्मान तथा प्रतिष्ठामा वृद्धि हुनेछ। |
| मकर : | आर्थिक लेनदेनमा ध्यान दिनुहोला। खर्चको मात्रा बढ्न सक्छ। |
| कुम्भ: | आयआर्जनका हिसाबले दिन धेरै नै उत्तम छ। |
| मीन: | पदोन्नति वा नयाँ जिम्मेवारी पाइने सम्भावना छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडे



# शिक्षकको हत्या गरेको आरोपमा ११ जना प्रहरीको नियन्त्रणमा



खोटाङ । केपिलासगढी गाउँपालिका-७ सुङ्देलस्थित सूर्य माध्यमिक विद्यालयका शिक्षक भानुभक्त राईलाई कुटपिट गरी हत्या गरेको आरोपमा ११ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

धार्मिक तथा पर्यटकीयस्थल सालपा पोखरीमा ऋषितर्पणी पूर्णिमाको अवसरमा लाग्ने मेला भर्न गएका बेला बिहीबार राति भएको विवादपछि कुटपिट हुँदा शिक्षक राईको मृत्यु भएको प्रहरीले जनाएको छ।

शिक्षक राईको ज्यान जानेगरी कुटपिटमा संलग्न सुङ्देलका ११ जना रहेका प्रारम्भिक अनुसन्धानमा खुलेपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख एवं प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर खड्काले जानकारी दिनुभयो।

"घटनास्थलसम्म पैदल जानुपर्छ। त्यस क्षेत्रमा टेलिफोनको नेटवर्कले काम गर्दैन। घटनाका विषयमा थप विवरण आउन बाँकी छ", उहाँले भन्नुभयो, "प्रारम्भिक अनुसन्धानका लागि ११ जनालाई नियन्त्रणमा लिएका छौँ। घटनास्थलबाट प्रहरी टोली फर्किएपछि थप विवरण खुल्छ। आरोपितसहित घटनालस्थलबाट हिँडेका प्रहरी टोली आज बेलुकासम्ममा जिल्ला प्रहरी कार्यालय भोजपुर आइपुग्ने अनुमान गरेका छौँ।"

राहत कोटाको निम्न माध्यमिक तहमा कार्यरत शिक्षक राईको हत्या आरोपमा प्रहरीले नियन्त्रणमा लिएका कसैको पनि अहिलेसम्म विवरण खुलाएको छैन। शिक्षक राईको हत्या सामूहिक कुटपिटबाट भएकाले घटनाका दोषी कोही पनि उम्कन नदिनेगरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

ऋषितर्पणी पूर्णिमादेखि लगातार तीन दिन विद्यालय बिदा भएपछि संखुवासभा पुगेर फर्कने भन्दै शिक्षक राई बिहीबार गाउँबाट हिँड्नुभएको विद्यालयका प्रधानाध्यापक ललितचन्द्र राईले बताउनुभयो। संखुवासभाबाट फर्किएर सालपा पोखरी पुग्नुभएका शिक्षक राई बिहीबार राति गाउँलेहरूसँग बास बस्नुभएको जानकारी पाइएको उहाँको भनाइ छ।

सालपा पोखरी नजिकै आयोजना गरिएको धार्मिक मेला भर्ने क्रममा बिहीबार दिउँसो सुङ्देलकै माइकल भनिने निशान राईसँग विवाद भएको प्रत्यक्षदर्शीले बताएका छन्। दिउँसोको विवादपछि राति योजनाबद्ध तरिकाले गाउँले उठाएर कुटपिट गरी शिक्षक राईको हत्या भएको मृतकका आफन्तले आरोप लगाएका छन्।

घटना भएको क्षेत्र भोजपुर जिल्लामा पर्ने भएकाले अनुसन्धान तथा कारबाहीको सबै प्रक्रिया जिल्ला प्रहरी कार्यालय भोजपुरले गर्ने कानुनी व्यवस्था छ। घटनाका विषयमा थप सहयोग गर्नुपरेको खण्डमा जिल्लाबाट सहयोग गरिने जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक निराजन बस्नेतले जानकारी दिनुभएको छ। रासस

# भोटेकोशी बाढी: सम्पर्कविहीन आफन्त, नरोकिएका आँसु र दर्दनाक पर्खाइमा परिवार



नारायणगढ । कुनै बेला मेला, महोत्सव तथा राजनीतिक दलका अधिवेशन र चुनावी मतगणनास्थलका रूपमा चहलपहल हुने भरतपुर महानगरपालिका-१० स्थित चितवन उद्योग सङ्घको परिसर अहिले भीडले भरिएको छ । यो भीड पहिलाकोभन्दा फरक र कारुणिक छ।

मनभरि पीडा, थकानले गलेका खुट्टा र काँपेको शरीर बोकेर चर्को घाममा भोक र तिर्खाको पनि वास्ता नगरी टोलाइरहेका मानिसहरूको एउटै पुकार छ 'हाम्रा मान्छेको सास भेटिए हुन्थ्यो, कि त लासै पत्ता लागे पनि हुन्थ्यो'।

झट्ट हेर्दा र सुन्दा कुनै खराब सपनाजस्तो लाग्ने यो दृश्य वास्तविकता हो । भरतपुर अस्पताल नजिकै चितवन उद्योग सङ्घको नजिकै रहेको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पुरानो भवनलाई अहिले शव संरक्षणस्थलका रूपमा प्रयोग गरिएको छ । रसुवा तथा भोटेकोशी नदीमा आएको बाढीका कारण सम्पर्कविहीन भएका नागरिकहरूको खोजी र पहिचानका लागि चितवन आइपुगेका आफन्तजनका लागि यो दर्दनाक र पीडादायी क्षण हो।

नारायणी र त्रिशूली नदी किनारबाट सङ्कलन गरिएका २३३ शवमध्ये हालसम्म चार वटाको मात्रै पहिचान भएको छ । बाँकी २२९ शवलाई होल्डिङ सेन्टर तथा विभिन्न स्वास्थ्य संस्थामा राखिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार होल्डिङ सेन्टर, स्वास्थ्य संस्था तथा नदी तटबाट सङ्कलन गरिएका शव तथा शवका अवशेषहरू सड्न थालेका छन् । जसका कारण कतिपय शव अब अनुहार र शारीरिक बनावटका आधारमा पहिचान गर्न नसकिने अवस्थामा पुगेका छन्।

उद्योग सङ्घको परिसरमा वीरगन्ज महानगरपालिका-२२ का अली मोहम्मद मिया आफ्ना २२ वर्षीय छोरा साबुदिन मन्सुरीको तस्बिर लिएर भरतपुरस्थित अस्पताल र शवगृहका ढोकाहरूमा भौँतारिइरहनुभएको छ । रोजगारीको सिलसिलामा रसुवाको एक ग्यारेजमा मेकानिकको काम गर्न गएका साबुदिन भोटेकोशी र आसपासका क्षेत्रमा आएको बाढीपछि ग्यारेज साहु र अन्य पाँच जना साथीहरूसँगै सम्पर्कविहीन भएका उहाँले बताउनुभयो।

"बिहानैदेखि छोराको खोजीमा छु, कसैले खबर पाए प्रहरीचौकीमा भनिदिए हुन्थ्यो", भक्कानिँदै अली मोहम्मदले भन्नुभयो, "बाढीमा परेकाहरूको केही अत्तोपत्तो छैन।" उहाँले शवगृह र होल्डिङ सेन्टरका सबैतिर हेर्दा पनि छोराको कुनै जानकारी नपाएको बताउनुभयो। 'केही जानकारी आए खबर गरिदिनु ल...' भन्दाभन्दै उहाँको बोली रोकियो र आँसु खसाल्दै भन्नुभयो, "मेरो छोरा यी शवहरूमा छैन, कतै भेटिए खबर गरिदिनुहोला।"

यो सास्ती र पीडा अली मोहम्मदको मात्र होइन । भोटेकोशी बाढीका कारण देशका विभिन्न स्थानबाट काम तथा भ्रमणका क्रममा पुगेर सम्पर्कविहीन भएका नागरिकका आफन्तहरू यतिबेला चितवनको भरतपुरमा शव पहिचानका लागि भौँतारिइरहेका छन्।

धादिङको धुनिबेँसी नगरपालिकाका नगरप्रमुख बालकृष्ण आचार्यका आफ्ना सम्पर्कविहीन नागरिक खोज्न यहाँ आउनुभएको छ । उहाँका अनुसार धुनिबेँसीका ११ जना डब्बा गाडीका चालक तथा मजदुरहरू रसुवा क्षेत्रबाट सम्पर्कविहीन भएका छन् । नगरप्रमुख आचार्यले भन्नुभयो, "सडक अवरुद्ध भएकाले घटनास्थल पुग्न सकिने अवस्था छैन । भरतपुर ल्याइएका शवहरू पनि क्षतविक्षत भएकाले तस्बिर हेरेर चिन्न कठिन भइरहेको छ।"

तराईका जिल्लाहरूबाट मजदुरी गर्न गएका युवाहरूको अवस्था पनि उस्तै कारुणिक छ । सप्तरीको खडक नगरपालिकाका भोला पासवान र डाक्नेश्वरी नगरपालिकाका अक्षकुमार पासवान आफ्ना छोराहरू क्रमशः अखिलेश र निसितको खोजीमा यतिबेला भरतपुरमा भौँतारिइरहनुभएको छ।

काम गर्न रसुवा पुगेका उहाँहरूका छोराको हालसम्म कुनै खबर छैन । शोकमा परेका यी दुई बुबालाई आफ्ना छोराहरू जीवितै भेटिएलान् भन्ने झिनो आशा त छ, तर मनलाई सम्हाल्न नसकेर शव भए पनि फेला पर्छ कि भनेर यहाँसम्म आउनुभएको हो । भोलाले पीडा पोख्दै भन्नुभयो, "सप्तरीबाट चितवनसम्म आइपुगेँ, तर केही अत्तोपत्तो छैन । कहाँ जाऊँ, के गरूँ ? भित्र छिर्छु, बाहिर राखेको तस्बिर हेर्छु, तर छोराको केही पत्तो पाउन सकेको छैन । अक्षयको पनि उस्तै हाल छ।"

सप्तरीकै खडक नगरपालिकाबाट त्यहाँ पुग्नुभएका एक जनाका आफ्नाले भतिज हराएपछि चितवनको शव पहिचान केन्द्रसम्म आइपुगेको बताउनुभयो । भतिजसँग भदौ १० गते बिहान ९:०० बजेतिर टेलिफोनमा कुराकानी भएको जानकारी दिँदै उहाँले भन्नुभयो, "फोनमा बोल्दाबोल्दै अचानक सम्पर्क विच्छेद भयो, त्यसपछि हालसम्म कुनै खबर पाउन सकिएको छैन।"

त्यसैगरी, बाँकेका करिङ्गा ठाकुर पनि आफ्ना भाइ र भतिजको खोजीमा शव पहिचान केन्द्रअगाडि टोलाइरहनुभएको छ। भाइ र भतिज कामको सिलसिलामा रसुवा पुगेका र बाढीपछि सम्पर्कविहीन भएका थाहा पाएपछि उहाँ चितवन आइपुग्नुभएको हो । उहाँले पीडा पोख्दै भन्नुभयो, "भाइ र भतिज हराएको खबर पाएपछि शनिबार बिहान मात्र यहाँ आइपुगेको हुँ । यहाँ ल्याइएका शवका तस्बिरहरू हेरेँ, तर क्षतविक्षत भएकाले चिन्नै गाह्रो भयो।"

खोजीका क्रममा नुवाकोट ककनीका सन्तोष बलामी र टेकबहादुर बलामी पनि शव पहिचान केन्द्रमा भौँतारिइरहनुभएको छ । सन्तोषले भन्नुभयो, "तीन दिनदेखि खोजी गर्दै यहाँसम्म आइपुगेका छौँ। आफन्तहरू कोही कता, कोही कता पुगेर खोजिरहेका छौँ।" आफन्तको खोजीमा यहाँ आइपुग्नुभएका उहाँहरू बाहिर राखिएका तस्बिर र भित्रका शवहरूसँग हुलिया मिल्छ कि भनेर नियालिरहनुभएको छ । तर, क्षतविक्षत बनेका कारुणिक शवहरू हेर्न र तस्बिरबाट पहिचान गर्न उहाँहरूलाई अत्यन्तै मुस्किल परेको छ। फोटो हेर्दा केही हुलिया मिलेजस्तो लागेरभित्र छिर्नुभएका उहाँहरू शवमा आफन्तको हुलिया र शरीरमा भएको ट्याटु खोज्दै टोलाउन बाध्य हुनुहुन्छ।

यसैगरी, लाङटाङ खोला जलविद्युत् आयोजनामा कार्यरत ३१ वर्षीय सिभिल इन्जिनियर अभिषेक आचार्यका काका गणेशप्रसाद बरालले सुरुङ (टनेल) भित्रै मजदुरहरू थुनिएको हुन सक्ने आशङ्का व्यक्त गर्नुभयो। पोखराबाट यहाँ आउनुभएका बरालले मौसम प्रतिकूल भए पनि उद्धार कार्यलाई तीव्र बनाउन र जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली चुस्त राख्न माग गर्नुभयो । उहाँले भन्नुभयो, "भदौ १० गते बिहान ८:०० बजेसम्म बाबु परिवारको सम्पर्कमा थियो । 'म खाजा खाएर कामतिर जान लागेँ' भनेर भनेको थियो । तर त्यसपछि हालसम्म कुनै सम्पर्क हुन सकेको छैन।"

उहाँसँगै पोखराबाट आउनुभएका दामोदर पौडेलले पनि इन्जिनियर आचार्य सम्पर्कमा नआएको बताउँदै जोखिमयुक्त सुरुङहरूमा काम गर्ने मजदुर तथा कर्मचारीहरूलाई पूर्वसूचना दिने प्रणाली र सुरक्षा तालिमको उचित व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो।

नेपाली नागरिक मात्र नभई चीनतर्फको मानसरोवर यात्राका लागि टिमुरे पुगेका भारतीय नागरिक रुबिका डेभिड र प्रेरणा कालेसमेत भदौ १० गते बिहानदेखि सम्पर्कविहीन रहेका उहाँहरूका नेपाली साथी प्रभात ढुङ्गानाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "म मेरा साथीहरूका परिवारको खोजीका लागि यहाँ आएको हुँ। उहाँहरू मुम्बईबाट मानसरोवर यात्राका लागि नेपाल हुँदै आउनुभएको थियो। भदौ १० गते बिहान ७:३० बजे चिनियाँ इमिग्रेसनका लागि हिँड्यौँ भनेर खबर आएपछि उहाँहरूसँग कुनै सम्पर्क भएको छैन। खबर पाएपछि म यहाँ आएर शवगृह र अस्पतालहरूमा हेर्दै, बुझ्दै छु।"

नुवाकोटबाट बुहारी नाता पर्ने हराएपछि चितवनकी सोविता तिमिल्सिना पनि शव पहिचान केन्द्रमा भौँतारिइरहनुभएको छ। उहाँले भन्नुभयो, "त्रिशूली नदीनजिकै खेत गोड्ने क्रममा बाढी आएर बुहारी हराएपछि हामीले खोज्न थालेका हौँ। अहिलेसम्म कुनै सम्पर्क छैन। अब यहाँ राखिएका शव र तस्बिरहरू हेरेर केही पत्तो लाग्छ कि भन्ने आशाले आएका हौँ।"

नदी किनारमा शवहरू फेला पर्ने क्रम जारी रहे पनि अधिकांश शवको अनुहार र शारीरिक बनावट बिग्रिएकाले पहिचानमा गम्भीर समस्या थपिएको छ। उद्धार र खोजीका लागि स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना परिचालन गरिएको छ भने विभिन्न सामाजिक सङ्घसंस्थाहरूले पनि यस कार्यमा सहयोग गरिरहेका छन्।

बाढीमा परेकाहरूको शव धेरै दिनसम्म रहँदा पहिचानको समस्या झन जटिल र चुनौतीपूर्ण बन्दै गएको छ। बाढी र पहिरोले पुऱ्याएको क्षतिसँगै आफ्ना प्रियजन गुमाएका र बेपत्ता भएका परिवारको यो आँसु र पर्खाइले भरतपुरको वातावरणलाई पूर्ण रूपमा स्तब्ध बनाएको छ। रासस

# सकियो भक्तपुरको गाईजात्रा



ख्वप । भैलद्य (बाँस, परालको सहायताले बनाइने गाईको प्रतीक) को परिक्रमाको समापनसँगै भक्तपुरको पहिलो दिनको गाईजात्रा सम्पन्न भएको छ।

भक्तपुर नगरपालिका-४ लैको लाकुलाछेंमा राखेर बनाइएको भैलद्यको परिक्रमासँगै पहिलो दिनको जात्रा समापन हुने परम्परा छ । जात्रालाई समयमै समापन गरी व्यवस्थित गर्ने उद्देश्यका साथ यो वर्ष तालिका बनाइ साँझ ४ बजेदेखि भैलद्यको परिक्रमा थालिएको थियो।

भक्तपुरको गाईजात्राको विशेष आकर्षण भैलद्यको परिक्रमा नै हो । लाकुलाछेंबाट भैलद्यलाई न्यातापोल मन्दिर हुँदै नगर परिक्रमा थालिन्छ । यो क्रममा न्यातापोल मन्दिरमा विशेष भीड लाग्छ । यो भन्दा बढी भीड दरबार क्षेत्रमा लागेको हुन्छ। यहाँ भैलद्यसँगै त्यसका पछाडिका ताहासा (गाईको प्रतीक) पनि रहने भएको र ठूलो क्षेत्रमा तीन चक्कर घुमाउने भएकाले यहाँको दृश्य निकै मनोमोहक हुने गर्दछ।

यो वर्ष भैलद्यसँगै कुल २० वटा ताहासाहरू रहेको भैरबनाथ जात्रा सहयोग समिति लैंको लाकुलाछें भक्तपुरका अध्यक्ष शिवराम किजूले जानकारी दिनुभयो । उहाँका अनुसार प्रत्येक वर्ष जस्तै भैलद्यलाई लाकुलाछेंबाट सुरु गरी भक्तपुर नगर परिक्रमा गराई लाकुलाछेंमै पुगेर समापन गरिन्छ । यसपछि जात्रा समापन हुने परम्परा रहेको उहाँले बताउनुभयो।

योसँगै भक्तपुरको गाईजात्राको विशेष आकर्षण घिन्तान्गिसी नाच नाच हो। नगरका प्रत्येक व्यक्तिको मृत्युमा गाईको प्रतिक स्वरूप ताहासा बनाई त्यसको अगाडि बाजागाजाका साथ नाच नाच्नेहरू रहन्छन्। जोडीजोडीमा लठी जुधाएर घिन्तागिसी नाच नाचिन्छ। प्रत्येक ताहासासँगै दर्जनौं जोडी घिन्तागिसी नाचेर आएका हुन्छन्। यस हिसाबले बिहानदेखि रातिसम्म यस्ता सयौ टोलीले पूरै भक्तपुर नगर घिन्तागिसी नाचमय बनेको थियो।

एकजना जात्राप्रेमी स्वर्णिमा मुल यही कारण गाईजात्रामा दिनभर भक्तपुर नगर पूरै बाजागाजामय बन्ने बताउनुहुन्छ । जात्राको दिन पूरै भक्तपुर नाचेको महशुश हुने उहाँ बताउनुहुन्छ । जात्रामा एउटै टोलीमा पनि सयौ नाचमा सहभागी हुने उहाँ बताउनुहुन्छ। पाँच-दस वर्षको बालबालिकादेखि ७० असी वर्षका बृद्धबृद्धासम्म नाचमा सहभागी हुने उहाँ बताउनुहुन्छ । यसका साथै बजारभरि हजारौँ मानिस जात्रा हेर्न बसको हुन्छन्।

यसैबीच रसुवा बाढीबाट मृत्यु भएका भक्तपुरका सत्यसुन्दर प्रजापतिको गाई पनि शनिबार नै घुमाइएको छ । सामान्य रूपमा घिन्तागिसीको टोली नराखी प्रजापतिको गाई घुमाइएको हो। वर्षभरिमा मृत्यु भएका परिवारको घरबाट सुरु भई पूरै भक्तपुर बजार परिक्रमा गरी आफ्नै घरमा पुगेपछि जात्रा सम्पन्न हुने गर्दछ।

आठ रात नौ दिन लामो भक्तपुरको गाईजात्राको शनिबार दोश्रो दिन हो। भोलि आइतबारदेखि जात्रा अझै सातदिन चल्नेछ। तर जात्रा आज शनिबारको जस्तो दिनभर धुमधाम हुने भने छैन। अन्य दिनहरूमा साँझसाँझ व्यङ्ग्यात्मक गाईजात्रा हुने गर्दछ। यस क्रममा टोलटोलबाट व्यङ्ग्यात्मक प्लेकार्डहरू बोकेर घिन्तागिसी नाच निकालिन्छ। रासस

# भाद्र कृष्ण प्रतिपदा : विभिन्न कार्यक्रम गरी देशभर मनाइयो गाईजात्रा

काठमाण्डु । प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिनदेखि आठ दिन अर्थात् अष्टमीसम्म मनाइने गाईजात्रा पर्व उपत्यका लगायत देशभरका मुख्य सहरमा दिवङ्गत भएका आफन्तको सम्झनामा विभिन्न कार्यक्रम गरी मनाइएको छ।

गाईजात्राको भोलिपल्ट बौद्धमा र त्यसको पर्सीपल्ट जयवागीश्वरीमा रोपाइँजात्रा मनाउने गरिन्छ । गाईजात्राको भोलिपल्ट जयवागेश्वरीमा खड्ग जात्रा मनाउने गरिएको छ । यसैगरी अन्य स्थानमा विभिन्न नामले गाईजात्रा मनाउने गरिन्छ । भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म मनाइने यो पर्व मल्लकालेखि सुरु भएको हो।



एक वर्षदेखि दिवङ्गत भएका आफन्तको सम्झनामा आज गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराएर दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी मनाइएको छ । गाईजात्राका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सांस्कृतिक झाँकी र साज सज्जाका साथ गाईको भेषमा बालबालिकाको ऱ्याली निकालिएको थियो । यस्तो झाँकी हेर्न सडकको दायाँ बायाँ हजारौँ नरनारी भेला भएका थिए।

भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठदिन परम्परागत सांस्कृतिक उत्सव 'गाईजात्रा' मनाइन्छ । मृत्यु भएकाको सम्झनामा नगरपरिक्रमा गर्नाले गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन "जनतालाई आ-आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू", भनी आज्ञा दिएको ऐतिहासिक तथ्य छ । यतिले पनि रानीको मन शान्त हुन नसकेपछि विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको हो भन्ने जन श्रुति पाइन्छ।

यसै बेलादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा अहिले पनि कायमै छ। देशका विभिन्न शहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनकता हुन्छ।

भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छन् । जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमूना, काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तकहरू विशेष दर्शनीय मानिन्छन्।

आजभोलि गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गर्न सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना गरिन्छ। पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित हुने गरेको छ। यस वर्ष भने भोटेकोशी बाढीका कारण धेरैको निधन भएकाले हास्य व्यङ्ग्यात्मक कार्यक्रम नगरी सांस्कृतिक रूपमा मात्र यो पर्व मनाइएको छ।

यो पर्व काठमाडौँ उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रविसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौँडा र पोखरालगायत सहरमा पनि मनाइन्छ। रासस

# भोटेकोशी बाढी: कोहलपुर नगरका जनप्रतिनिधि र कर्मचारीद्वारा पारिश्रमिकबाट सहयोग

राँझा। बाँकेको कोहलपुर नगरपालिकाले भोटेकोशीमा आएको भीषण बाढीबाट प्रभावितहरूको राहत तथा उद्धारमा सहयोग गर्न जनप्रतिनिधि र कर्मचारीको पारिश्रमिकबाट रकम सङ्कलन गर्ने निर्णय गरेको छ। नगर कार्यपालिकाको आजको बैठकले जनप्रतिनिधि र कर्मचारीले तीनदेखि सात दिनसम्मको पारिश्रमिक बराबरको

वडा नं २ का वडाध्यक्ष हरिसिंह कठायतले वडा नं ५ का वडाध्यक्ष दिपेन्द्र श्रेष्ठ र वडा नं ६ का वडाध्यक्ष श्रीकृष्ण थारुसहित नगर प्रहरी तथा सम्पर्कविहीन नागरिकका परिवारका सदस्यसहितको टोली सम्बन्धित क्षेत्रमा पुगेर खोज तथा उद्धारमा समन्वय नगरप्रमुख आचार्यले जानकारी दिनुभयो।

विपद् प्रभावितको खो




रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो।

बाढीमा परी ज्यान गुमाएका नगरवासीका परिवारलाई काजकिरिया खर्चवापत तत्काल जनही रु ५० हजार उपलब्ध गराउने निर्णय भएको नगरप्रमुख पूर्णप्रसाद आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार नगर कार्यपालिकाको बैठकले बाढीपछि सम्पर्कविहीन भएका कोहलपुरवासीको खोज तथा उद्धारका लागि टोली परिचालन गने निर्णय गरेको छ।

वडा नं १२ का वडाध्यक्ष वीरेन्द्रकुमार शाहको नेतृत्वमा

ज, उद्धार, राहत तथा शव व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले लिने निर्णयसमेत गरेको छ। हालसम्म कोहलपुर नगरपालिका-११ का कविराम थारुको मृत्यु भएको छ। थारुको शव चितवनमा फेला परेको थियो।

उहाँको आजै कोहलपुर शवदाहगृहमा अन्त्यष्टि गरिएको छ। कोहलपुरका अझै ११ जना सम्पर्कविहीन भएका विवरण आफन्तहरूले नगरपालिकालाई जानकारी गराएका नगरप्रमुख आचार्यले बताउनुभयो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लेखा कर्मचारीको सामूहिक सरुवाले उब्जाएको प्रश्न

मधेश प्रदेश सरकारले लेखा समूहका ७६ जना कर्मचारीलाई एकैपटक सरुवा गरेको निर्णयलाई सामान्य प्रशासनिक हेरफेरका रूपमा मात्र बुझ्नु हुँदैन । यो निर्णय लामो समय एउटै कार्यालयमा कर्मचारीको बसाइ, वित्तीय स्वार्थसम्बन्धी सम्भावित जोखिम, जिम्मेवारीको बोझ र प्रशासनिक जवाफदेहितासँग जोडिएको छ । सरकारी वित्तीय प्रशासन अत्यन्त संवेदनशील क्षेत्र हो । बजेट खर्च, बिल भुक्तानी, राजस्व, लेखा परीक्षण तथा सरकारी रकमको कारोबारमा लेखा कर्मचारीको प्रत्यक्ष भूमिका हुन्छ । एउटै कार्यालयमा लामो समय रहँदा संस्थागत अनुभव र कार्यदक्षता बढ्ने सकारात्मक पक्ष भए पनि कार्यालय प्रमुख, सेवाग्राही, ठेकेदार तथा आपूर्तिकर्तासँग अस्वाभाविक निकटता विकास भए निष्पक्षता र पारदर्शितामा प्रश्न उठ्न सक्छ । त्यसैले नियमित सरुवा दण्ड होइन, प्रशासनिक जोखिम व्यवस्थापनको एउटा महत्वपूर्ण औजार हो । यस दृष्टिले दुई वर्षभन्दा लामो समय एउटै कार्यालयमा कार्यरत लेखा अधिकृत तथा लेखापाललाई सरुवा गर्ने निर्णय स्वागतयोग्य छ । तर सरुवा आफैं सुशासनको प्रमाण होइन । सरुवा किन गरियो, कसरी गरियो, कहाँ पदस्थापन गरियो र त्यसपछि वित्तीय प्रशासनमा के सुधार आयो भन्ने प्रश्न अझ महत्वपूर्ण छन् । अर्थ मन्त्रालयले अघि सारेको 'एक कर्मचारी, एक कार्यालय' नीति पनि सकारात्मक छ । एउटै कर्मचारीले तीन-चारवटा कार्यालयको लेखा हेर्नुपर्ने अवस्थाले कार्यबोझ बढाउनुका साथै अनुगमन, भुक्तानी प्रक्रिया र जिम्मेवारी निर्धारणमा समस्या ल्याउन सक्छ । एउटै कार्यालयमा स्पष्ट जिम्मेवारी दिइए जवाफदेहिता र कार्यसम्पादन मूल्यांकन प्रभावकारी बन्न सक्छ । तर यसका लागि पर्याप्त दक्ष जनशक्ति, उचित दरबन्दी र आवश्यक डिजिटल प्रणाली सुनिश्चित गर्नुपर्छ । ७६ जनाको सरुवा ठूलो निर्णय भए पनि यसको पारदर्शिता अझ ठूलो विषय हो । कुन कर्मचारी कति समय एउटै कार्यालयमा बसे, कुन मापदण्डका आधारमा सरुवा भयो र नयाँ पदस्थापन कसरी तय गरियो भन्ने विवरण सार्वजनिक गरिनुपर्छ । नियम एउटाका लागि र अपवाद अर्काका लागि हुने अवस्था आए सरुवा सुधारको माध्यम होइन, अर्को प्रशासनिक अभ्यास मात्र बन्नेछ । त्यसैले सरुवापछि सरकारको परीक्षा शुरु भएको छ । नयाँ पदस्थापनमा राजनीतिक वा व्यक्तिगत पहुँच हाबी भयो भने पात्र फेरिए पनि प्रवृत्ति फेरिँदैन । सरुवाको सफलता सूचीमा होइन, त्यसपछिको परिणाममा देखिनुपर्छ–वित्तीय कारोबार समयमै भयो कि भएन, बेरुजु घट्यो कि बढ्यो, लेखा परीक्षणमा सुधार आयो कि आएन र वित्तीय अनुशासन बलियो भयो कि भएन । मधेश प्रदेश सरकारले यसलाई नियमित, निष्पक्ष र पूर्वानुमेय सरुवा प्रणालीको सुरुवात बनाउनुपर्छ । सरुवा मानिस बदल्ने प्रक्रिया मात्र नभइ प्रणाली सुधार्ने अवसर पनि हो । अन्यथा केही समयपछि फेरि उही लामो बसाइ, उही स्वार्थको जोखिम र उही प्रश्न दोहोरिनै रहनेछन् ।

### भोटेकोशीको बाढीले दिएको चेतावनी :

# विपद् रोक्न नसकिएला, क्षति त घटाउन सकिन्छ



● सुजीत कुमार झा

प्राकृतिक विपद् अचानक आउँछ, तर त्यसबाट हुने क्षति सधैं अचानक हुँदैन । विपद्ले कति ठूलो विनाश निम्त्याउँछ भन्ने कुरा हाम्रो पूर्वतयारी, जोखिमको पहिचान, पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार र राज्यको प्रतिकार्य क्षमताले निर्धारण गर्छ । बुधबार रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले यही कठोर यथार्थ फेरि एकपटक हाम्रो सामुन्ने ल्याइदिएको छ ।

भोटेकोशीमा बाढीको पानी एक्कासि बढेपछि आसपासका बस्ती, बजार र पूर्वाधारमा ठूलो क्षति पुगेको छ । बाढी भोटेकोशी हुँदै त्रिशूली र नारायणी नदी प्रणालीसम्म फैलिँदा रसुवा, नुवाकोट र धादिङका विभिन्न क्षेत्र प्रभावित भएका छन् । बस्ती, बजार, जलविद्युत् आयोजना, बैंक तथा वित्तीय संस्था, होटल, विद्यालय, सरकारी तथा निजी कार्यालयलगायतका संरचना क्षतिग्रस्त भएका छन् । मानिसको मृत्यु, बेपत्ता तथा विस्थापनको वास्तविक विवरण आउन अझै समय लाग्न सक्छ । तर सार्वजनिक भएका दृश्य, प्रत्यक्षदर्शीका विवरण र प्रभावित परिवारका सूचनाले विपद्को गम्भीरता स्पष्ट पारिसकेको छ ।

यो घटना मात्रै एउटा प्राकृतिक विपद् होइन, नेपालमा विपद् व्यवस्थापनको वर्तमान अवस्थामाथि उठेको गम्भीर प्रश्न पनि हो । आखिर यति ठूलो जोखिम भएको देशमा हामी अझै पनि विपद् आएपछि मात्र उद्धार र राहतको तयारीमा किन जुट्छौं ?

नेपाल भौगोलिक रूपमा नै प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो । हिमालदेखि तराईसम्म फैलिएको भौगोलिक विविधता, कमजोर भूगर्भ, भिरालो पहाड, सक्रिय नदी प्रणाली र जलवायु परिवर्तनका कारण बाढी, पहिरो, भूकम्प, हिमपहिरो, हिमताल विस्फोट, डुबान तथा सुख्खाजस्ता विपद्को जोखिम सधैं कायम छ ।

यस्तो जोखिमबीच पनि हाम्रो विपद् व्यवस्थापन प्रणाली अझै धेरै हदसम्म प्रतिक्रियामूखी छ । घटना भएपछि उद्धार गर्ने, राहत वितरण गर्ने, केही समय अस्थायी संरचना बनाउने र केही महिनापछि घटना बिर्सिने प्रवृत्ति लामो समयदेखि दोहोरिँदै आएको छ ।

भोटेकोशीको घटनाले पनि यही कमजोरी देखाएको छ । जोखिमयुक्त स्थानको पहिचान, नियमित निगरानी, पूर्वसूचना, सुरक्षित स्थानमा तत्काल स्थानान्तरण र समुदायलाई समयमै सचेत गराउने प्रणाली प्रभावकारी भएको भए मानवीय क्षति धेरै हदसम्म कम गर्न सकिन्थ्यो ।

प्राकृतिक विपद् रोक्न नसकिएला, तर मानिसलाई सुरक्षित स्थानमा पुऱ्याउन सकिन्छ । यही कुरा विपद् व्यवस्थापनको मूल सिद्धान्त हुनुपर्छ ।

**जथाभावी बस्ती र अव्यवस्थित विकास**

नेपालको विपद् जोखिम बढाउने अर्को प्रमुख कारण अव्यवस्थित विकास हो । खोलानाला अतिक्रमण गरेर बस्ती विस्तार गर्ने, नदीको प्राकृतिक बहाव क्षेत्रमै संरचना निर्माण गर्ने, पहाडमा वातावरणीय तथा भौगर्भिक अध्ययनबिना सडक खन्ने र जोखिमको वैज्ञानिक मूल्यांकन नगरी पूर्वाधार निर्माण गर्ने प्रवृत्ति व्यापक छ ।

धेरै ठाउँमा सडक निर्माण विकासको आवश्यकताभन्दा पनि तत्कालीन राजनीतिक लोकप्रियता र पहुँचका आधारमा हुने गरेको पाइन्छ । भूगोलको क्षमता, वातावरणीय प्रभाव र विपद् जोखिमलाई बेवास्ता गरेर बनाइएका सडक आफैं पहिरो र भूक्षयको कारण बन्न सक्छन् ।

त्यस्तै, नदी किनारका बस्तीको विस्तारले बाढीको जोखिम झन् बढाएको छ । विश्वका धेरै सहर नदी किनारमा विकास भएका छन् । तर त्यहाँ नदीको बहाव, बाढीको सम्भावित स्तर, तटबन्धको क्षमता र सुरक्षित क्षेत्रको वैज्ञानिक अध्ययनलाई आधार बनाइन्छ । नेपालमा भने धेरै ठाउँमा नदी किनारलाई सहज बसोबास र व्यापारिक विस्तारको क्षेत्रका रूपमा मात्र हेरिएको छ । अब यो सोच बदल्नुपर्छ ।

जलवायु परिवर्तनले थपेको जोखिम

जलवायु परिवर्तनले नेपालका प्राकृतिक जोखिमलाई अझ जटिल बनाइरहेको छ । वर्षाको स्वरूप परिवर्तन हुँदै गएको छ । छोटो समयमा अत्यधिक वर्षा हुने घटना बढिरहेका छन् । हिमाली क्षेत्रमा तापक्रम वृद्धि हुँदै जाँदा हिमतालको जोखिम बढिरहेको छ ।

नेपालमा रहेका हिमताल तथा अन्य तालहरूको नियमित निगरानी र जोखिम मूल्यांकन अत्यन्त आवश्यक छ । हिमालयको पारिपट्टि रहेका जोखिमयुक्त ताल तथा जलस्रोतमा हुने परिवर्तनले समेत नेपालका नदी प्रणालीमा प्रभाव पार्न सक्छ । त्यसैले विपद् व्यवस्थापनलाई मात्रै नेपालको सीमाभित्रको विषयका रूपमा हेर्नु पर्याप्त हुँदैन ।

नेपाल-चीन सीमावर्ती हिमाली क्षेत्रमा हुने भौगोलिक तथा जलवायुसम्बन्धी परिवर्तनको सूचना आदानप्रदान र संयुक्त निगरानी आवश्यक छ । भोटेकोशी बाढीको यकिन कारण विस्तृत अध्ययनपछि मात्र स्पष्ट हुन सक्ला, तर भविष्यमा यस्ता सम्भावित जोखिमको पूर्वानुमानका लागि सीमापार सहकार्य अपरिहार्य छ ।

**उद्धारसंगै सुरक्षित बसोबास पहिलो प्राथमिकता**

विपद् भइसकेपछि पहिलो जिम्मेवारी उद्धार हो । त्यसपछि जीवन जोगाउने आधारभूत आवश्यकता सुनिश्चित गर्नु राज्यको दायित्व हो ।

बाढीबाट जोगिएका तर घर, अन्न, कपडा र आम्दानीको स्रोत गुमाएका नागरिकका लागि तत्काल सुरक्षित बसोबासको व्यवस्था गर्नुपर्छ । अस्थायी शिविर निर्माण गर्दा पनि बाढी, पहिरो वा अन्य जोखिमबाट सुरक्षित स्थान रोज्नुपर्छ ।

खाना र आवाससँगै स्वच्छ खानेपानीको व्यवस्था अत्यन्त महत्त्वपूर्ण हुन्छ । बाढीपछि खानेपानीका मुहान तथा वितरण प्रणाली प्रदूषित हुन सक्छन् । यस्तो अवस्थामा दूषित पानीको प्रयोगले संक्रामक रोग फैलिने जोखिम हुन्छ । त्यसैले पानीको शुद्धीकरण, वैकल्पिक खानेपानी स्रोत र स्वास्थ्य निगरानीलाई राहत कार्यको अभिन्न हिस्सा बनाउनुपर्छ ।

गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दीर्घरोगी र नियमित औषधि सेवन गर्नुपर्ने नागरिकलाई विशेष प्राथमिकता दिन आवश्यक छ । विपद्को असर भौतिक मात्र हुँदैन । परिवारका सदस्य गुमाउने, घरबार नष्ट हुने र भविष्यप्रतिको अनिश्चितताले मानसिक आघात पनि सिर्जना गर्छ । त्यसैले मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगलाई समेत राहतको योजनामा समेटिनुपर्छ ।

**यातायात, सञ्चार र विद्युत् पुनःस्थापना**

बाढीले सडक र पुल बगाउँदा प्रभावित क्षेत्रको बाहिरी संसारसँगको सम्पर्क टुट्छ । यस्तो अवस्थामा राहत सामग्री पुऱ्याउनदेखि बिरामीलाई अस्पताल लैजानसम्म कठिन हुन्छ । दैनिक उपभोग्य वस्तुको आपूर्ति अवरुद्ध हुँदा अर्को संकट उत्पन्न हुन सक्छ ।

त्यसैले मुख्य सडक र पुल पूर्ण रूपमा पुनर्निर्माण हुन समय लाग्ने अवस्थामा अस्थायी पुल, बेलिब्रिज तथा झोलुंगे पुलजस्ता छिटो निर्माण गर्न सकिने संरचनालाई प्राथमिकता दिनुपर्छ ।

सञ्चार सेवा पनि विपद्को समयमा जीवनरेखाजस्तै हुन्छ । मोबाइल टावर, इन्टरनेट तथा अन्य सञ्चार संरचना क्षतिग्रस्त भए तत्काल वैकल्पिक सञ्चार प्रणाली सञ्चालन गर्नुपर्छ । विपद्को समयमा सही सूचना जीवन बचाउने माध्यम बन्न सक्छ भने गलत सूचना अर्को जोखिम बन्न सक्छ । त्यसैले सरकारी निकायले नियमित र विश्वसनीय सूचना प्रवाह गर्नुपर्छ ।

विद्युत् आपूर्ति पुनःस्थापना पनि उत्तिकै महत्त्वपूर्ण छ । ठूला विद्युत् आयोजना र प्रसारण संरचना मर्मत गर्न समय लाग्ने अवस्थामा सौर्य ऊर्जा तथा अन्य वैकल्पिक प्रणाली प्रयोग गर्न सकिन्छ ।

**विपद् संकटग्रस्त क्षेत्र घोषणा पर्याप्त छैन**

सरकारले रसुवा, नुवाकोट र धादिङलाई निश्चित अवधिका लागि बाढी संकटग्रस्त क्षेत्र घोषणा गर्नु सकारात्मक कदम हुन सक्छ । तर घोषणा आफैंमा समाधान होइन । त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

संकटग्रस्त क्षेत्रका नागरिकले राज्य उपस्थित भएको अनुभूति गर्नुपर्छ । उद्धार, राहत, आवास, स्वास्थ्य, शिक्षा, खानेपानी र रोजगारीसम्मको समग्र योजना आवश्यक हुन्छ ।

राहत वितरणमा पारदर्शिता अर्को महत्वपूर्ण पक्ष हो । विपद्को समयमा वास्तविक पीडित छुट्न नहुने र पहुँचवालाले अनावश्यक लाभ लिन नपाउने व्यवस्था हुनुपर्छ । राहत सामग्रीदेखि नगद सहयोगसम्मको विवरण सार्वजनिक गरिनुपर्छ ।

**पुनःस्थापनाभन्दा सुरक्षित पुनर्निर्माण**

विपद् प्रभावित क्षेत्रमा पुरानै जोखिमपूर्ण ठाउँमा पुरानै संरचना पुनर्निर्माण गर्नु पुनः अर्को विपद्को निम्तो दिनु हो । त्यसैले पुनर्निर्माणको अवधारणा 'पहिले जस्तै बनाउने' होइन, 'पहिलेभन्दा सुरक्षित बनाउने' हुनुपर्छ ।

घर, विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल तथा अन्य पूर्वाधार निर्माण गर्दा जोखिम मूल्यांकन अनिवार्य गरिनुपर्छ । यदि कुनै बस्ती दीर्घकालीन रूपमा अत्यधिक जोखिममा छ भने त्यहाँ पुनःबस्ती बसाल्नुको सट्टा सुरक्षित स्थानमा स्थानान्तरणको योजना बनाउनुपर्छ ।

विपद्पछि प्रभावित परिवारको आर्थिक जीवनलाई सामान्य अवस्थामा फर्काउनु पनि उत्तिकै आवश्यक छ । घर गुमाएका नागरिकलाई घर मात्र दिएर समस्या समाधान हुँदैन । रोजगारी, कृषि, व्यवसाय, शिक्षा र सामाजिक जीवन पुनःस्थापित गर्नुपर्ने हुन्छ ।

**स्थानीय तहलाई सक्षम बनाउनुपर्छ**

विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । विपद् आउँदा सबैभन्दा पहिले घटनास्थलमा पुग्ने र स्थानीय नागरिकको अवस्था बुझ्ने निकाय स्थानीय सरकार नै हो ।

तर धेरै स्थानीय तहसँग पर्याप्त उपकरण, तालिमप्राप्त जनशक्ति, उद्धार सामग्री र आपत्कालीन कोषको अभाव छ । अब स्थानीय तहलाई 'पहिलो प्रतिकारकर्ता'का रूपमा सक्षम बनाउनुपर्छ ।

हरेक स्थानीय तहले आफ्नै विपद् जोखिम नक्सा तयार गर्नुपर्छ । कुन बस्ती बाढीको जोखिममा छ, कुन ठाउँ पहिरोको जोखिममा छ, कहाँ सुरक्षित आश्रयस्थल बनाउन सकिन्छ र कुन बाटो आपत्कालीन उद्धारका लागि प्रयोग गर्न सकिन्छ भन्ने विवरण डिजिटल रूपमा तयार हुनुपर्छ ।

समुदायस्तरमा स्वयंसेवक परिचालन, विद्यालयमा विपद् शिक्षा तथा नियमित उद्धार अभ्यासलाई पनि संस्थागत गर्नुपर्छ ।

**पूर्वसूचना प्रणालीमा लगानी र नदी किनारका बस्तीबारे नयाँ नीति**

भोटेकोशीको घटनाले दिएको सबैभन्दा ठूलो पाठ पूर्वसूचना प्रणालीको आवश्यकता हो । नदीको जलस्तर, वर्षाको मात्रा, हिमताल तथा पहाडी क्षेत्रमा हुने परिवर्तनको नियमित निगरानी गर्ने आधुनिक प्रणाली विकास गर्नुपर्छ ।

जोखिमको सूचना आएपछि त्यो सूचना स्थानीय नागरिकसम्म केही मिनेटमै पुग्न सक्ने प्रणाली चाहिन्छ । साइरन, मोबाइल सन्देश, स्थानीय रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल तथा अन्य माध्यमलाई एकीकृत गरेर बहुस्तरीय पूर्वसूचना प्रणाली निर्माण गर्न सकिन्छ ।

पूर्वसूचना प्रणाली मात्रै उपकरण राखेर पूरा हुँदैन । सूचना पाएपछि कहाँ जाने, कसरी जाने र कसलाई सहयोग गर्ने भन्नेबारे नागरिकलाई नियमित अभ्यास गराउनुपर्छ ।

अब नेपालले नदी किनारका बस्तीबारे पनि गम्भीर नीति बनाउनुपर्ने समय आएको छ । जोखिमयुक्त नदी किनारमा नयाँ बस्ती विस्तार रोक्नुपर्छ । अत्यधिक जोखिममा रहेका पुराना बस्तीको वैज्ञानिक अध्ययन गरी क्रमशः सुरक्षित स्थानमा स्थानान्तरण गर्ने दीर्घकालीन योजना आवश्यक छ ।

यसका लागि राजनीतिक इच्छाशक्ति चाहिन्छ । आज नदी किनारमा घर बनाउन रोक्न नसक्दा भोलि त्यही बस्तीको उद्धार र पुनर्निर्माणमा राज्यले कैयौँ गुणा बढी खर्च गर्नुपर्ने हुन सक्छ ।

विकासको अर्थ सडक, पुल र भवन निर्माण मात्र होइन । नागरिकलाई सुरक्षित ठाउँमा सुरक्षित संरचनाभित्र बस्न सक्ने अवस्था निर्माण गर्नु पनि विकासकै हिस्सा हो ।

**विपद्लाई विकास नीतिको केन्द्रमा राखौं**

नेपालमा हरेक वर्ष कुनै न कुनै ठूलो प्राकृतिक विपद् दोहोरिन्छ । सिन्धुपाल्चोकको मेलम्ची-हेलम्बुमा आएको बाढीदेखि विभिन्न वर्षमा भएका बाढी, पहिरो, डुबान र भूकम्पीय घटनासम्मले एउटै सन्देश दिएका छन्–हामी जोखिममा छौं ।

अब पनि विपद्लाई घटना भएपछि सम्झिने विषय बनाइरहने हो भने हरेक वर्ष नयाँ क्षतिको सामना गर्नुपर्नेछ । विपद् व्यवस्थापनलाई गृह मन्त्रालय वा कुनै एउटा निकायको मात्र जिम्मेवारी ठान्ने प्रवृत्ति पनि बदल्नुपर्छ । सडक बनाउनेदेखि सहर विस्तार गर्ने, जलविद्युत् आयोजना निर्माण गर्नेदेखि बस्ती विकास गर्ने हरेक निर्णयमा विपद् जोखिमलाई आधार बनाउनुपर्छ ।

प्राकृतिक विपद् रोक्न सकिँदैन । नदीलाई सधैं नियन्त्रण गर्न सकिँदैन, पहाडलाई पहिरो जानबाट पूर्ण रूपमा रोक्न सकिँदैन र अत्यधिक वर्षालाई आदेश दिएर रोक्न सकिँदैन । तर जोखिम पहिचान गर्न सकिन्छ, पूर्वसूचना दिन सकिन्छ, सुरक्षित स्थानमा मानिसलाई सार्न सकिन्छ र बलियो पूर्वाधार निर्माण गर्न सकिन्छ ।

भोटेकोशीको बाढीले नेपाललाई दिएको सबैभन्दा ठूलो चेतावनी यही हो–अब पनि विपद् आएपछि मात्र जाग्ने होइन, विपद् आउनुअघि नै तयार हुनुपर्छ ।

राज्यको प्राथमिकता उद्धारमा मात्र होइन, जोखिम घटाउने पूर्वाधार, वैज्ञानिक अध्ययन, पूर्वसूचना, स्थानीय क्षमता विकास र सुरक्षित बस्ती निर्माणमा हुनुपर्छ । नागरिकले पनि आफ्नो घर र बस्तीको जोखिम बुझ्नुपर्छ । सरकार, स्थानीय तह, विज्ञ, निजी क्षेत्र र समुदायबीच निरन्तर सहकार्य हुनुपर्छ ।

विपद् प्राकृतिक हुन सक्छ, तर त्यसबाट हुने ठूलो मानवीय क्षति धेरैपटक मानवीय कमजोरीको परिणाम हुन्छ । त्यसैले भोटेकोशीको विनाशलाई मात्रै दुःखद् घटनाका रूपमा सम्झेर पुग्दैन । यसलाई नेपालको विपद् व्यवस्थापन प्रणाली बदल्ने अवसरका रूपमा लिनुपर्छ ।

विपद् रोक्न नसकिएला, तर विपद्बाट हुने क्षति घटाउन सकिन्छ । त्यसका लागि तयारी आजैबाट सुरु गर्नुपर्छ ।

# रसुवा बाढीको सन्देश : प्रकृतिको प्रकोपसामु सीमापार सहयोग र मानवीय ऐक्यबद्धता अपरिहार्य



हाई फेङ

अगस्ट २६ मा नेपाल-चीन सीमामा पर्ने केरुङ-रसुवा क्षेत्रमा एउटा ठुलो लेदोसहितको बाढी आयो । नेपालतर्फ हिउँ र चट्टानको विशाल ढिस्को भत्कियो, जसले आफूसँगै हिलो, ठुला ढुङ्गा, हिउँ र बरफ बगाएर ल्यायो । यो खोँच हुँदै तीव्र गतिमा अघि बढ्यो, सडक, पुल, गाउँ र सीमाका पूर्वाधारहरू ध्वस्त बनायो । यसले क्षणभरमै अनगिन्ती परिवारलाई पीडा र शोकमा डुबायो । 'तरल सिमेन्ट' र 'अन्तर्देशीय सुनामी' जस्तो देखिने विपद्को सामना गरिरहँदा, प्रकृतिको यस्तो भयानक परिवर्तनका अगाडि जीवनको रक्षा नै सर्वोपरि हो भन्ने कुरा हामीलाई फेरि एकपटक गहिरोसँग महसुस भएको छ ।

शुक्रबार चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) केन्द्रीय समितिको राजनीतिक ब्युरो (पोलिटब्युरो) ले दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्र (तिब्बत) को केरुङ काउन्टीमा आएको विनाशकारी बाढीपछिको उद्धार र राहत कार्यबारे छलफल गर्न एउटा बैठक बोलायो । बैठकको सुरुमै सबै सहभागीले विपद्मा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौन धारण गरे । त्यो छोटो क्षणमा मौनताको तौल हजारौं पाउन्डजत्तिकै भारी थियो। मौन धारण गर्नु कुनै औपचारिक विश्राम मात्र थिएन, बरु जीवनप्रतिको गहिरो सम्मान थियो। यो कुनै रीत मात्र थिएन, बरु मूल्यमान्यताको सार्वजनिक घोषणा थियो- जब विपद् आउँछ, एउटा देशले सबैभन्दा पहिले जीवनकै मूल्यलाई महत्त्व दिन्छ ।

विपद्पछि सीपीसी केन्द्रीय समितिले यस परिस्थितिलाई निकै महत्त्वका साथ लियो । सीपीसी केन्द्रीय समितिका महासचिव सी चिनफिङले उद्धार र आपत्कालीन प्रतिक्रियाका लागि स्पष्ट आवश्यकताहरू तय गर्दै यथाशीघ्र महत्त्वपूर्ण निर्देशनहरू जारी गरे । राष्ट्रपति सीको निर्देशनमा चिनियाँ प्रधानमन्त्री ली छ्याङले घटनास्थलमै पुगेर राहत कार्यको निर्देशन दिए। सम्बन्धित विभाग, अग्नि नियन्त्रक तथा उद्धार टोली, इन्जिनियरिङ आपत्कालीन एकाइका साथै जनमुक्ति सेना र सशस्त्र प्रहरीलाई द्रुत रूपमा परिचालन गरियो । उच्च हिमाली क्षेत्र, अत्यधिक चिसो, भत्किएका सडक, विद्युत् र सञ्चार अवरोध तथा दोस्रो चरणको विपद्को उच्च जोखिमका बीच उद्धार कार्य समय, खतरा र मृत्युविरुद्धको दौड बन्यो । यही कारणले गर्दा बैठकमा प्रयोग भएको 'जनता पहिलो, जीवन पहिलो' भन्ने वाक्यांशले विशेष महत्व र स्पष्टता बोकेको थियो । यसले सबैभन्दा जटिल र खतरनाक परिस्थितिहरूमा पूरा गर्नुपर्ने कार्यगत तर्कलाई प्रतिनिधित्व गर्छ। जसअनुसार वैज्ञानिक रूपमा खोज तथा उद्धार योजनाहरू तर्जुमा गर्ने, स्वदेश र विदेश दुवैतर्फ बेपत्ता व्यक्तिहरूको खोजी गर्न हरसम्भव प्रयास गर्ने, हिमताल फुट्ने र पहिरो जाने जस्ता दोस्रो चरणका विपद् रोक्न परामर्श र जोखिम मूल्यांकन बढाउने, सम्पूर्ण उद्धार कार्यभरि सुरक्षा सुनिश्चित गर्न घटनास्थलमा जनशक्ति व्यवस्थापन सुदृढ गर्ने तथा प्रभावित बासिन्दाहरूलाई उचित रूपमा पुनर्वास गराउँदै क्षतिपूर्ति, राहत र विपद्पछिको सहयोगलाई ध्यानपूर्वक अघि बढाउने जस्ता कार्य पर्छन् । प्राकृतिक विपद्को सामना गर्दा कुनै पनि समाजले साँच्चै नै 'जनता'लाई केन्द्रमा राख्छ वा राख्दैन र 'जीवन पहिलो' भन्ने सिद्धान्त कागजमा मात्र सीमित छ वा व्यवहारमै लागु भएको छ भन्ने कुराको यो वास्तविक परीक्षण हो ।

यस विपद्ले हामीलाई एउटा गहिरो यथार्थसँग पनि साक्षात्कार गराएको छ । आजका प्राकृतिक विपद्हरू अब कुनै एक्ला घटना रहेनन्, बरु जलवायु परिवर्तन, भौगर्भिक संवेदनशीलता, सीमापार जलाधारको जोखिम र पूर्वाधारको अवस्था आदि मिसिएर हुने शृंखलाबद्ध प्रतिक्रिया छन् । स्वदेश र विदेशका विभिन्न स्रोतबाट प्राप्त प्रतिवेदन र विज्ञहरूको विश्लेषणले यस विपद्को मुख्य कारण परम्परागत रूपमा हुने छोटो अवधिको भारी वर्षा नभइ नेपालतर्फको उच्च हिमाली क्षेत्रमा रहेको हिमनदीको ठुलो हिस्सा भत्किनु हो भन्ने निष्कर्ष निकालेका छन् । यसरी हिउँ भत्किँदा त्यसले ठुलो मात्रामा गेग्रान, चट्टान र माटो बगाएर ल्यायो। यसले उच्च गतिको लेदोसहितको बाढीको रूप लियो र सीमा नाका तथा तल्लो तटीय क्षेत्रमा विनाशकारी क्षति पुऱ्यायो ।

यसको अर्थ विपद्प्रतिको हाम्रो बुझाइ 'एकल घटना'बाट 'प्रणालीगत जोखिम'तर्फ सर्नुपर्छ। विगतमा लेदोसहितको बाढीलाई प्रायः भारी वर्षा र आकस्मिक बाढीसँग जोडेर हेरिन्थ्यो । तर, आजको विश्वव्यापी उष्णता (ग्लोबल वार्मिङ), हिमनदी पग्लने क्रम, हिउँको अस्थिरता, बढ्दै गएका हिमताल र बढ्दो चरम तापक्रमको सन्दर्भले विपद् कसरी बन्छ र फैलिन्छ भन्ने कुरालाई आधारभूत रूपमै परिवर्तन गरिदिएको छ । यसपालि गर्मीयाममा युरोपमा रेकर्ड तोड्ने गर्मी, दक्षिण एसियामा चरम उष्णलहर, नेपालमा हिमनदी भत्किनु र केरुङको बाढी- फरक-फरक ठाउँमा भए पनि यी सबै अन्तर्निहित संयन्त्रका हिसाबले एकअर्कासँग जोडिएका छन् । 'सम्पूर्ण विश्वले एउटै ताप र शीतलता साझा गर्नेछ' भन्ने भनाइ अब कुनै साहित्यिक बिम्ब मात्र रहेन, बरु यो बढ्दो यथार्थ बनेको छ । पृथ्वी एउटा एकीकृत प्रणाली हो र जलवायु प्रणाली पनि त्यस्तै हो । सीमावर्ती खोँचमा हिमनदी भत्किएको एउटा सामान्यजस्तो देखिने घटनाले वास्तवमा मानवताले सामना गरिरहेको साझा अस्तित्वको चुनौतीलाई प्रतिबिम्बित गर्छ । कुनै पनि देश यसबाट अछुतो रहन सक्दैन ।

यस अर्थमा केरुङको बाढी यसको गम्भीरताका कारण मात्र नभइ विपद् व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहयोगको कमीकमजोरीलाई उजागर गरेका कारण पनि एउटा चेतावनी हो । विशेषगरी सीमापार क्षेत्रहरूमा विपद्का स्रोत, प्रसारण मार्ग र प्रभावित क्षेत्रहरू फरक-फरक राष्ट्रिय र प्रशासनिक प्रणालीअन्तर्गत पर्छन् । हिमनदी भत्किने, हिमताल फुट्ने र लेदो बग्ने जस्ता शृंखलाबद्ध विपद्हरूसँग जुध्न सूचना आदानप्रदान, अनुगमन समन्वय र आपत्कालीन प्रतिक्रियामा समन्वयको कमीले गर्दा पूर्वचेतावनीको सबैभन्दा महत्त्वपूर्ण अवसर गुम्ने जोखिम रहन्छ। पोलिटब्युरोको बैठकले स्पष्ट रूपमा भनेको छ- 'आपत्कालीन व्यवस्थापनका साथै विपद् रोकथाम, न्यूनीकरण र राहतलाई संयुक्त रूपमा अभिवृद्धि गर्ने सीमावर्ती क्षेत्रमा विपद् व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहयोगलाई पनि सुदृढ गरिनुपर्छ ।'

यही सन्दर्भमा राष्ट्रपति सीले शुक्रबार नेपालका राष्ट्रपति रामचन्द्र पौडेललाई नेपालमा आएको बाढीको विपद्प्रति समवेदना सन्देश पठाएका हुन् । चीन र नेपाल हिमाल र नदीले जोडिएका छन् र उनीहरूको साझा भाग्य छ भन्दै राष्ट्रपति सीले चीन नेपाललाई उद्धार कार्यमा सक्रिय रूपमा सहयोग गर्न र आफ्नो क्षमताअनुसारको सहयोग उपलब्ध गराउन तयार रहेको बताए । सीले दुवै देशका जनता मिलेर यस विपद्लाई जितेर जतिसक्दो चाँडो आफ्ना घरहरू पुनर्निर्माण गर्न सक्ने विश्वाससमेत व्यक्त गरे। यी शब्दहरू न्यानो र शक्तिशाली छन् । यिनले छिमेकीको सद्भाव मात्र व्यक्त गर्दैनन्, बरु विश्वले तुरुन्तै बुझ्न आवश्यक रहेको एउटा आधारभूत सत्यलाई पनि पुनर्स्थापित गर्छन्। त्यो सत्य हो- ठुला प्राकृतिक विपद्को सामना गर्दा कोही पनि एक्लै उभिन सक्दैन र कसैले पनि एक्लै सबै चुनौतीको सामना गर्न सक्दैन । आपसी सहयोग, समन्वय र साझा जिम्मेवारीबाट मात्र थप जीवन बचाउन सकिन्छ।सामूहिक मौन धारणदेखि पूर्ण स्तरको खोज तथा उद्धारसम्म, आन्तरिक आपत्कालीन परिचालनदेखि नेपाललाई दिइएको समवेदना र सहयोगसम्म, विपद् राहत कार्यदेखि विपद् व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहयोग सुदृढ गर्ने कुरासम्म- यो विपद्मा शोक र लचिलोपन दुवै छ, क्षति र जिम्मेवारी दुवै छ, प्रकृतिको कठोरता र मानवीय ऐक्यबद्धताको न्यानोपन दुवै छ । शोकको मौनताले मृतकप्रतिको दुःख मात्र होइन, जीवितप्रतिको जिम्मेवारीलाई पनि मूर्त रूप दिन्छ। 'साझा भाग्य' कूटनीतिक आवरण मात्र होइन, बरु विपद्को गहिराइमा फेरि एकपटक प्रज्वलित भएको मानवताप्रतिको सर्वमान्य सत्य हो ।

मानव अस्तित्वको इतिहास मूलतः प्राकृतिक विपद्हरूसँगको निरन्तर संघर्ष, निरन्तर सिकाइ र निरन्तर समायोजनको इतिहास हो । वास्तविक सभ्यता प्रकृतिलाई जित्ने भ्रममा नभई अनिश्चितताका बीच जीवनको रक्षा गर्ने, जोखिमका बीच व्यवस्थापन गर्ने र कठिन घडीमा एकअर्कालाई सहयोग गर्ने क्षमतामा निहित हुन्छ। केरुङ नाकाको बाढी अन्ततः साम्य हुनेछ र खोँच फेरि शान्त हुनेछ। तर, यसले छोडेका प्रश्नहरू आफैं हराउनेछैनन् । उच्च हिमाली क्षेत्रका हिमनदी विपद्हरूको अनुगमन कसरी सुदृढ गर्ने, कसरी बलियो सीमापार पूर्वचेतावनी सञ्जाल निर्माण गर्ने, सडक, विद्युत् र सञ्चार अवरुद्ध भएको अवस्थामा दुर्गम सीमावर्ती क्षेत्रहरूमा आपत्कालीन प्रतिक्रिया क्षमता कसरी बढाउने र विश्वव्यापी उष्णताको सन्दर्भमा 'सुरक्षा'को सीमालाई कसरी पुनर्परिभाषित गर्ने- यी सबैका लागि दीर्घकालीन र ठोस जवाफहरू आवश्यक छन् ।

हिमनदीहरूले हिमाल र नदीहरूमा आउने दरार मात्र होइन, मानिस र देशहरूबीचको वास्तविक अन्तरनिर्भरतालाई पनि प्रतिबिम्बित गर्छन् । मौन धारणले शोक मात्र होइन, राष्ट्रले जीवनको मूल्यप्रतिको दृढ सम्मानलाई पनि देखाउँछ । विपद्लाई कहिल्यै महिमामण्डन गर्न सकिँदैन, तर यसले सिकाएका कुराहरूलाई सधैँ सम्झनुपर्छ। ती हुन्- जनतालाई पहिलो प्राथमिकतामा राख्ने, सहयोगलाई दीर्घकालीन सोचका साथ अघि बढाउने र प्रकृतिप्रतिको सम्मानलाई थप पूर्वतयारीयुक्त कार्यमा बदल्ने । यसरी मात्र हामीले गुमाएका मानिसहरूप्रति र आउने दिनहरूप्रति न्याय गर्न सक्छौं । ग्लोबल टाइम्स

# 'विपद्को समयमा सहकार्य र समन्वयबाट सरकारलाई सबैले साथ दिनुपर्छ'



नेपालगञ्ज । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ राईले विपद्को समयमा आपसी सहकार्य र समन्वयबाट सरकारलाई सबैले साथ र सहयोग गर्नुपर्ने धारणा राख्नुभएको छ।

बाँकेको नेपालगन्जमा शनिबार आयोजित अगुवा श्रमदातासँग हाते मालो कार्यक्रममा रसुवाको भोटे कोशी क्षेत्रमा भदौ १० गते गएको बाढीबाट प्रभावित क्षेत्रको उद्धार, राहत र पुनर्निर्माणमा सरकारलाई सबै राजनीतिक दल, जनप्रतिनिधि र नागरिकले एकजुट भएर सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

अध्यक्ष राईले विपद्का बेला सरकार एक्लैले सबै काम गर्न नसक्ने भएकाले सबै पक्षले साझा जिम्मेवारीका साथ अघि बढ्नुपने बताउनुभयो । "यस्तो विषम परिस्थितिमा सरकार आफैँले सबैथोक गर्न सक्दैन । यस्तोबेला हामी सबै मिलेर सरकारलाई सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो।

अध्यक्ष राईले भोटेकोशी बाढीले रसुवा, नुवाकोटलगायत विभिन्न जिल्लामा ठूलो धनजनको क्षति पुऱ्याएको उल्लेख गर्दै पुनःस्थापना र पुनर्निर्माणमा श्रमको भूमिका निर्णायक हुने बताउनुभयो । "श्रमलाई घटाएर जीवनको परिकल्पना गर्न सकिँदैन। श्रम सर्वोपरि शक्ति हो। श्रमले हाम्रा सम्पदा र सम्पत्तिको संरक्षण गर्छ", उहाँले भन्नुभयो। रासस

# 'प्रत्येक नागरिकसम्म राज्य पुग्ने छ'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले देश कठिन घडीमा रहेको उल्लेख गर्दै बाढी प्रभावित प्रत्येक नागरिकमा सरकार पुग्ने प्रतिबद्धता व्यक्त गरेका छन्। भोटेकोशीमा गएको बाढीको पछिल्लो अवस्थाबारे आफ्नो सामाजिक सञ्जाल (फेसबुक) मार्फत आज साँझ जानकारी गराउँदै उनले त्यस्तो प्रतिबद्धता व्यक्त गरे।




"यस कठिन घडीमा विपत्बाट प्रभावित प्रत्येक परिवारको साथमा राज्य छ," प्रधानमन्त्री साहले भने, "उद्धारको प्रतीक्षामा रहेका प्रत्येक नागरिकसम्म राज्य पुग्ने छ।" उनले बाढी तथा पहिरो प्रभावित रसुवा, नुवाकोटसहितका क्षेत्रमा खोज तथा उद्धारका लागि १५ हजार ४३१ सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए । उनका अनुसार नेपाल प्रहरीका चार हजार ४७३, नेपाली सेनाका छ हजार ७५५ र सशस्त्र प्रहरी बल नेपालका चार हजार २०३ जना सुरक्षाकर्मी उद्धार तथा राहतमा खटिएका छन्।

"हालसम्म चार हजार ४५१ जनाको उद्धार गरिएको छ। उद्धारका लागि नेपाली सेना तथा निजी क्षेत्रका १६ हेलिकोप्टर परिचालन गरी धुन्चे, त्रिशूली, टिमुरे र स्याफ्रुबेँसीलगायत क्षेत्रमा ९९ हवाई उडान भएका छन्," प्रधानमन्त्रीले भने, "प्रभावित क्षेत्रमा हालसम्म ३२ ट्रक खाद्य तथा गैरखाद्य राहत सामग्री पठाइएको छ भने हेलिकोप्टरबाट समेत राहत सामग्री ढुवानी गरिएको छ। सुरुङमा फसेका नागरिक तथा कामदारको खोज तथा उद्धारलाई उच्च प्राथमिकता दिइएको छ।" बेपत्ता नागरिक तथा शवको खोजी कार्य रसुवादेखि नुवाकोट, धादिङ हुँदै गोरखा, तनहुँ, चितवन र नवलपरासीसम्म त्रिशूली-नारायणी नदी कोरिडोरमा विस्तार गरिएको जानकारी दिँदै उनले हालसम्म १२९ जना विदेशीपर्यटक तथा नागरिकको उद्धार तथा पहिचान गरिएको उल्लेख गरे।

यसैगरी प्रभावित क्षेत्रमा सडक, विद्युत्, दूरसञ्चार र खानेपानी सेवा पुनर्स्थापनाको काम तीव्र पारिएको प्रधानमन्त्रीले उल्लेख गरे । उनका अनुसार रसुवालाई वैकल्पिक सडकमार्फत पुनः सडक सञ्जालमा जोडिएको छ भने प्रभावित १९८ दूरसञ्चार साइटमध्ये १४५ वटा सञ्चालनमा आएका छन्। नुवाकोटमा करिब ९० प्रतिशत क्षेत्रमा विद्युत् सेवा सुचारु भएको छ। "बाढी तथा विपत्बाट प्रभावित १५ स्थानीय तहलाई राहत, उद्धार तथा व्यवस्थापनका लागि छ करोड ७५ लाख रुपियाँ उपलब्ध गराइएको छ," उहाँले भन्नुभएको छ, "प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा पछिल्लो करिब ३६ घण्टामा रु. एक अर्ब ९० करोडभन्दा बढी रकम संकलन भएको छ।"

# झलनाथ भेट्न डल्लु पुगे प्रचण्ड

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र वरिष्ठ नेता झलनाथ खनालबीच भेटवार्ता भएको छ।

डल्लुस्थित खनालको निवासमा शनिबार भएको भेटवार्तामा देशको समसामयिक राजनीतिक अवस्था, वामपन्थी एकता तथा कम्युनिस्ट आन्दोलनलाई थप सुदृढ र प्रभावकारी बनाउँदै अघि बढाउने विषयमा गम्भीर छलफल भएको छ।

भेटमा नेपाली कम्युनिस्ट आन्दोलनको पछिल्लो अवस्था, पार्टीको संगठनात्मक तथा राजनीतिक अग्रगति, वामपन्थी शक्तिबीचको सहकार्य तथा एकतालाई थप मजबुत बनाउने विषयमा समेत विचार-विमर्श भएको थियो।




त्यस्तै, मुलुकमा देखिएको पछिल्लो राजनीतिक परिस्थिति, प्राकृतिक विपद्बाट उत्पन्न समस्या तथा विपद्का समयमा राज्य र पार्टीले खेल्नुपने भूमिकाबारे पनि दुई नेताबीच छलफल भएको थियो।

डल्लुस्थित खनाल निवासमा भएको भेटवार्ता करिब १ घण्टा ३० मिनेटसम्म चलेको बताइएको छ।

# 'अन्तर्राष्ट्रिय उद्धार टोलीलाई परिचालनको अनुमति दिइयोस्'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले प्रधानमन्त्री बालेन साहसंग भेटवार्ता गरेका छन् । प्रधानमन्त्री कार्यालय सिंहदरबारमा पुगेर आङ्देम्बेले प्रधानमन्त्री बालेनसँग भेटवार्ता गरेका छन्।



आधा घण्टासम्म भएको छलफलमा आङ्देम्बेले प्रधानमन्त्रीलाई उद्धार र राहतका लागि ९ बुँदे ध्यानाकषर्णपत्रसमेत बुझाएका थिए । उनले प्रधानमन्त्रीलाई स्थानीय तहसँग समन्वय गरेर उद्धार र राहतलाई तिव्रता दिन समेत आग्रह गरेका छन् । प्रभावित क्षेत्र पुगेका आङदेम्बेले हिजो गृहमन्त्री सुधन गुरुङलाई पनि भेटेका थिए।

प्रधानमन्त्री साहलाई बुझाएको ध्यानाकर्षण पत्रमा भनिएको छ, हवाई उद्धारलाई थप प्रभावकारी बनाइयोस्। नेपाली सेनाले गरिरहेको उद्धार कार्य सराहनीय छ। तर, रसुवा र नुवाकोटका लागि छुट्टाछुट्टै हेलिकोप्टर उद्धार युनिट बनाएर परिचालन गरियोस्।

रसुवा, नुवाकोट र धादिङका अवरुद्ध सडक सफा गरी आवागमन सुचारु गर्न र क्षतिग्रस्त १९ भन्दा बढी पुलमध्ये तत्काल कम्तीमा ७ स्थानमा बेलीब्रिज जडान गर्न माग गरेका छन्।

अवरुद्ध विद्युत् तथा टेलिफोन सेवा सञ्चालन गरी उद्धार, राहत र समन्वयलाई सहज बनाउन, बेपत्ताको खोजी र शव व्यवस्थापन तीव्र पार्न आग्रह गरेका छन्।

बाढीले बगाएर ल्याएका शवहरू यत्रतत्र रहेकाले स्थलगत खोज तथा उद्धार टोली परिचालन गरी बेपत्ताको खोजी, शव पहिचान र उचित व्यवस्थापन गर्न समेत माग गरेका छन्।

उद्धार गरिएका नागरिकको यातायात व्यवस्था गरी आवश्यकताअनुसार काठमाण्डुसम्म पुऱ्याउने यातायातको व्यवस्था गर्न, घाइते तथा ज्येष्ठ नागरिकको उपचारमा विशेष ध्यान दिने आग्रह गरेका छन्।

सो पत्रमा भनिएको छ, 'स्थानीय तहसँग प्रभावकारी समन्वय गरियोस् । उद्धार तथा राहतमा स्थानीय सरकारसंग संघीय सरकारले आवश्यक समन्वय र सहकार्य बढाओस् । राहत वितरणमा सहयोग गर्न चाहने सामाजिक संघसंस्थालाई समेत सहजीकरण गरियोस्।'

अन्तर्राष्ट्रिय उद्धार टोलीलाई परिचालनको अनुमति दिन समेत माग गरेका छन् । उनले भनेका छन्, 'सुरुङ, भग्नावशेष वा अन्य स्थानमा नागरिक फसेको सम्भावना रहेकाले उनीहरूको जीवितै उद्धारका लागि आवश्यकताअनुसार अन्तर्राष्ट्रिय उद्धारकर्ता तथा विशेषज्ञको सहयोग लिइयोस्।'

त्रिशूलीलगायत नदी क्षेत्रमा तुइनको शीघ्र व्यवस्था गर्न र विपद्को कठिन घडीमा नागरिकको जीवन रक्षा सर्वोच्च प्राथमिकता राखी उद्धार, राहत र पुनः स्थापनाका कार्यलाई तीव्र बनाउन ध्यानाकर्षण गराएका थिए।

# भोटेकोशी बाढी : राहत सामग्रीका विषयमा मन्त्री चौधरीद्वारा सांसदसँग छलफल

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा राहत सामग्री तत्काल उपलब्ध गराउने विषयमा शनिबार संघीय सांसदसँग छलफल गर्नुभएको छ।

छलफलमा मन्त्री चौधरीले बाढी प्रभावित नागरिकलाई राहत खाद्यान्न, स्वच्छ खानेपानी, औषधि, लत्ताकपडालगायत अत्यावश्यक सामग्री शीघ्र कार्ययोजना अघि बढाउने बताउनुभयो।

बाढी प्रभावित क्षेत्रमा राहत सामग्रीको आपूर्ति तथा वितरणका लागि सरकारी निकाय, स्थानीय तह र सम्बन्धित पक्षबीच समन्वय गरी तत्काल आवश्यक सहयोग उपलब्ध गराउने विषयमा छलफल भएको थियो।

छलफलमा प्रतिनिधिसभाको कृषि तथा प्राकृतिक स्रोत समितिका सभापति अशो



पुऱ्याउन सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेकामा जोड दिनुभयो।

मन्त्री चौधरीको सचिवालयका अनुसार उहाँले प्रभावित नागरिकको आवश्यकता पहिचान गरी राहत सामग्रीको आपूर्ति तथा वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक

ककुमार चौधरी, कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति समीक्षा बास्कोटा, सांसद सुरेश चौधरी, सांसद जनकसिंह धामी, सांसद ओजस्वी श्रीचन, सांसद धर्म केसी, सांसद अनुश्का श्रेष्ठ, सांसद श्रद्धा कुँवर, सांसद सृजना श्रेष्ठ र सांसद राम लामाको सहभागी हुनुहुन्थ्यो। रासस

# शिक्षा क्षेत्रमा समानुपातिक बजेट विनियोजन गरिन्छः मुख्यमन्त्री भट्ट




सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले गुणस्तरीय शिक्षा सुधारका लागि समानुपातिक र आवश्यकतामा आधारित बजेट विनियोजन गरिने बताउनुभएको छ।

कैलालीको धनगढीमा शनिबार आयोजित प्रदेशस्तरीय विद्यालय दिवा खाजा सम्मेलनमा उहाँले विद्यालयको भौतिक पूर्वाधारसँगै प्रविधिको प्रयोगमार्फत गुणस्तरी शिक्षा प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो।

मुख्यमन्त्री भट्टले सरकारले अभिभावकको सहजता र विद्यार्थीलाई पुषणयुक्त खाजासहित प्रभावकारी रूपमा शिक्षा प्रदान गर्न अगाडि सारेका योजनामा साथ दिन सबैको जिम्मेवारी भएको धारणा राख्नुभयो । उहाँले विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक रहेको बताउनुभयो।

मुख्यमन्त्री भट्टले भन्नुभयो, "भोको पेटले पहिले शिक्षा होइन, खाना खोज्छ। त्यसैले विद्यालयमा अध्ययन गर्ने बालबालिकाको पोषण र शिक्षालाई सँगसँगै अघि बढाउन दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित बनाउनुपर्छ।" उहाँले शिक्षा क्षेत्रमा बजेटको असमान वितरणका कारण समानुपातिक विकास हुन नसकेको उल्लेख गर्दै वर्तमान सरकारले त्यस्तो अवस्था अन्त्यका लागि पहलकदमी लिने बताउनुभयो।

"कतै आवश्यकताभन्दा बढी भौतिक संरचना निर्माण हुने तर कतिपय विद्यालयमा आधारभूत पूर्वाधारसमेत अभाव हुने असमान अवस्थालाई अन्त्य गर्नुपने छ। अब त्यसरी बजेट वितरण हुनुहुँदैन। आवश्यकता र औचित्यका आधारमा समानुपातिक विकासमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो।

मुख्यमन्त्री भट्टले प्रदेशमा विकास बजेटको प्रभावकारी कार्यान्वयनसँगै सुशासन कायम गर्न सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले सञ्चारकर्मीहरूलाई सुशासनका पक्षमा साथ दिन तथा सरकारका कामकारबाहीमा निरन्तर खबरदारी गर्न आग्रहसमेत गर्नुभयो। रासस

# 'टनेलभित्र जानसक्ने प्रयास जारी छ'

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले रसुवा बाढीबाट विभिन्न जलविद्युत आयोजनाको सुरुङमार्गमा फसेका मजदुर, कर्मचारी र स्थानीयको उद्धारको लागि उद्धार टोली शनिबार टनेलसम्म पुग्ने प्रयासमा रहेको बताएका छन्।



टनेलभित्र फसेहरूको परिवारसँग मन्त्रालयमा शनिबार भेट्दै मन्त्री श्रेष्ठले भने, 'आज साँझसम्म टनेल भेट्न सक्ने सम्भावना छ।'

मन्त्री श्रेष्ठले टनेलमा फसेकाहरूको उद्धारको लागि शुक्रबारदेखि डेडिकेटेड हेलिकप्टर परिचालन गरेको जानकारी गराए।

श्रेष्ठले राति पनि खोज तथा उद्धार र टनेलको मुहान खोल्न काम भइरहेको बताए । 'राति पनि काम रोकेका छैनौं। राति रोक्यो भने आसै मर्छ। जे जस्तो छ भेटाउन सकिन्छ भन्नका लागि बरु हाफ सिफ्ट गरेर हुन्छ कि पालो फेरेर हुन्छ कि निरन्तरता दिनेवाला पार्ट हामी गरिरहेका छौं,' उनले भने।

खोज तथा उद्धारका लागि नेपाल विद्युत प्राधिकरण र मन्त्रालयबाट उच्च तहका विज्ञ अधिकारीहरू परिचालन गरिएको मन्त्री श्रेष्ठले बताए । 'हाम्रो नुवाकोटको ट्र्याक्टिकल अफिसले सक्रियरुपमा काम गरेको छ। सिनियर लेभलको म्याजेनमेन्ट टिम नुवाकोटमा छ। अको सिनियर लेभलको टिम रसुवामा छ,' उनले भने।

मन्त्री श्रेष्ठले उद्धारका लागि आवश्यक स्रोत, साधन र समन्वयका लागि मन्त्रालय प्रतिबद्ध रहेको पनि बताए।

मन्त्री श्रेष्ठले टनेलभित्र फसेका नागरिकको ज्यान जोगाउनु सरकारको पहिलो प्राथमिकता भन्दै कुनै माध्यमबाट अक्सिजन पुर्याउन प्रयासरत रहेको बताए । 'उद्धार हुनुअघि कुनै माध्यमबाट अक्सिजन टनेलभित्र पुर्याउन प्रयासरत छौं । उद्धार भएपछि त अस्पतालमा पनि राख्न सकिन्छ। पहिला जिवित हुनुपर्छ । त्यसका लागि अक्सिजन कुनै पाइपबाट पुर्याउन सकिन्छ कि भनेर लागेका छौं,' उनले भने।

मन्त्रालयले पीडित परिवारलाई नियमित आधिकारिक सूचना दिने पनि मन्त्री श्रेष्ठले प्रतिबद्धता जनाए।

ऊर्जा मन्त्री श्रेष्ठसँगको भेटमा पीडित परिवारका सदस्यले तीन वटा माग गरेका थिए। पीडित परिवारले टनेलभित्र जीवित वा मृत्यु के अवस्था हो छिटोभन्दा छिटो जानकारी दिनुपर्ने माग राखेका थिए।

यसैगरी टनेलभित्र बाच्ने व्यवस्था मिलाउनुपर्ने, कम्तीमा अक्सिजनको व्यवस्था गरिदिन भनेका थिए ।यसैगरी उद्धारका लागि इक्विपमेन्टको जे जे चाहिन्छ व्यवस्था गरिदिन पनि भनेका थिए।

रसुवा बाढीबाट १२ वटा जलविद्युत् आयोजनामा क्षति पुगेको छ भने विभिन जलविद्युत् आयोजनाको टनेलभित्र पाँच सय भन्दा बढी मजदुर, कर्मचारी र स्थानीय फसेको बताइन्छ।

# बाढी प्रभावित क्षेत्रको पुनर्निर्माण र पुनरुत्थानका लागि अन्तरराष्ट्रिय सहयोग अपरिहार्यः परराष्ट्रमन्त्री खनाल

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले भोटेकोशी नदीमा गएको बाढीबाट ठूलो मानवीय र भौतिक क्षति भएकाले पुनर्निर्माण र पुनरुत्थानका लागि अन्तरराष्ट्रिय सहयोग आवश्यकतापर्ने बताउनुभएको छ।



परराष्ट्र मन्त्रालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री खनालले गत बुधबार गएको बाढीपहिरोबाट नेपालमा ठूलो मानवीय र भौतिक क्षति भएकाले पनि भएकाले पनि विपद् प्रभावित क्षेत्रका लागि अन्तरराष्ट्रिय सहयोग अपरिहार्य भएको बताउनुभयो।

"बाढीले यहाँ ठूलो सङ्ख्यामा मानवीय र भौतिक संरचनामा क्षति पुऱ्याएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म हामीले बाढीमा परेकाका स्वदेशी तथा विदेशी नागरिकको उद्धारलाई पहिलो प्राथमिकतामा राखेर काम गर्दै आइरहेका छौं।"

मन्त्री खनालले विपद्को निश्चित चरण हुने भएकाले पनि सरकारको अहिले प्राथमिकतामा उद्धार गर्ने र सकेसम्म नेपाली तथा विदेशी नागरिकको ज्यान जोगाउनेतर्फ केन्द्रित भइरहेको स्पष्ट पार्नुभयो।

"उद्धारपछि सरकार छिट्टै राहतको चरणमा प्रवेश गर्नेछौं । जहाँ मानिसलाई अस्थायी बसोबासको अवसर प्रदान गर्नुपने हुन्छ । र तेस्रो चरणमा हामी पुनःस्थापना र पुनर्निर्माणमा लाग्नेछौं", मन्त्री खनालले भन्नुभयो, "अहिलेका लागि मानिसलाई विद्यालय वा अन्य सामुदायिक ठाउँमा राखिएको छ।" उहाँले छिमेकी राष्ट्रहरूसँग विशेषगरी सुरुङ उद्धार र फेरेन्सिकलगायत सहायता माग गरिएको बताउनुभयो।

परराष्ट्रमन्त्री खनालले सरकारले दाता सम्मेलनका विषयमा अहिलेसम्म कुनै निर्णय गरिनसकेको स्पष्ट पार्नुभयो । "अहिलेको आपतकालीन स्थिति र विपद्को प्रकृतिलाई हेर्दा तुरुन्तै दाता सम्मेलनको कुनै समयसीमा दिन गाह्रो छ, किनकी अहिले हाम्रो ध्यान उद्धारमा बढी केन्द्रित छ", उहाँले भन्नुभयो, "म ठ्याक्कै समय भन्न त सक्दिन, तर हामी जतिसक्दो चाँडो विपद्बाट भएको क्षति तथा नोक्सानको मूल्याङ्कन तयार पार्नेछौं।"

मन्त्री खनालले दाता सम्मेलनका विषयमा परराष्ट्र मन्त्रालय र अर्थमन्त्रालयबीच आवश्यक समन्वय रहेर दाता सम्मेलनका विषयमा आवश्यक निर्णय लिइने बताउनुभयो ।रासस

# 'प्रभावित क्षेत्रमा छिटो पुग्नुपऱ्यो'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता रामहरि खतिवडाले रसुवा बाढीमा परी सम्पर्कविहीन भएका ओखलढुंगाका नागरिकको खोजतलासका लागि गृहमन्त्रालयलाई आग्रह गरेका छन्।

गृहमन्त्रालयमा शनिबार सचिव राजकुमार श्रेष्ठलाई भेटेर नेता खतिवडाले बाढीमा परी सम्पर्कविहीन भएका २९ जना ओखलढुंगाको नागरिकको खोजतलास गरिदिन आग्रह गरेका हुन्।

सो भेटका क्रममा आफूले सम्पर्कविहीन नागरिकहरूको अवस्था तत्काल पत्ता लगाएर जुनसुकै अवस्थामा रहेका भएपनि परिवारलाई यथाशीघ्र जानकारी गराउन तथा खोज तथा उद्धारका लागि राज्यका सम्पूर्ण संयन्त्र परिचालन गर्न आग्रह गरेको उनले बताए।

'राज्यले काम गरिरहेको छ। समर्थन छ, समर्थन गर्छौं पनि। हामी राजनीतिक कलह चाहन्नौं,' खतिवडाले भने, 'तर, छिटो गर्नुपऱ्यो। प्रभावित क्षेत्रमा राज्य चाँडो पुग्नुपऱ्यो। जनतालाई राज्य छ भन्ने अनुभूति दिनपऱ्यो।'

भेटका क्रममा गृह सचिव श्रेष्ठलले सम्पर्कविहीन व्यक्तिहरूको खोज तथा उद्धारका लागि टोली परिचालन भइरहेको र केही व्यक्तिहरू हाल सुरुङभित्र रहेको जानकारी प्राप्त भएको बताए ।रासस

# इरान अमेरिकासँग सावधानीपूर्वक वार्ता गर्न चाहान्छः राष्ट्रपति पेजेस्कियन

एएफपी । इरानका राष्ट्रपति मसूद पेजेस्कियनले इरानले संयुक्त राज्य अमेरिकासँग सावधानीपूर्वक वार्ता गर्न तयार रहेको बताउनुभएको छ । तेहरानले आफ्नो प्रतिबद्धतालाई सम्मानपूर्वक पालना गने कुरामा जोड दिँदै अमेरिकी पक्षले पनि सो ही बमोजिम गर्नु पर्ने उहाँले जनाउनु भएको छ।

पेजेस्कियनले शुक्रबार राति प्रसारण गरिएको टेलिभिजन अन्तर्वार्तामा टिप्पणी गर्दै जारी कूटनीतिक प्रयासहरूले गत जुनमा इरान र संयुक्त राज्य अमेरिकाले हस्ताक्षर गरेको शान्ति सम्झदारी ज्ञापनपत्र (एमओयू) लाई पुनर्जीवित गर्न र इरानको अधिकार पुनर्स्थापना गर्न सक्छ भन्ने प्रश्नको जवाफमा यस्तो बताउनुभएको हो ।

दुवै पक्षले आफ्ना सबै उद्देश्यहरू हासिल गर्न नसक्ने स्वीकार गर्दै यदि इरानको कार्यहरू अर्को पक्षबाट पारस्परिक साथ पाए "हामी अगाडि बढ्न सक्छौं" इरानी राष्ट्रपति पेजेस्कियनले भन्नुभयो ।

एमओयू अन्तर्गत, संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध नौ सैनिक नाकाबन्दी,



तेल र पेट्रोकेमिकल प्रतिबन्धहरू हटाउने र इरानी सम्पत्तिहरू मुक्त गर्ने अपेक्षा गरिएको थियो ।

पेजेस्कियनले सम्झौता कार्यान्वयन भइरहेको अवधिमा इरानले करिब नौ करोड ब्यारेल तेल निर्यात गरेको बताउनुभएको छ।

"आफैँले तयार गरेको एमओयुप्रति हामी प्रतिबद्ध भए पछि मात्र वार्ताको टेबलमा हामी उनीहरूसँग प्रत्यक्ष कुरा गर्न सक्छौं", उहाँले बताउनुभयो ।

जुन १८ मा अमेरिका र इरानले लेबनानसहित सबै मोर्चामा युद्ध अन्त्य गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए । एमओयू अन्तर्गत उनीहरूले ६० दिनभित्र वार्ता गर्ने तालिका थियो, जुन अगस्त १७ मा समाप्त भयो ।

गत महिना दुई देशबीच नयाँ तनाव बढेपछि वार्ताको प्रक्रिया रोकिएको छ । अमेरिकी अपरेसनपछि इरानले घरेलु आर्थिक दबाबसँग जुधिरहेको समयमा पेजेस्कियनको यस्तो टिप्पणी आएको हो ।

छुट्टै सन्देशमा शुक्रबार इरानी सर्वोच्च नेता मोजतबा खमेनीले मुद्रास्फीति, बेरोजगारी र मूल्य र बजारको व्यवस्थापनलगायत आर्थिक र जीविकोपार्जनका चुनौतिहरूमा 'गम्भीर' ध्यान दिन आह्वान गर्नुभएको छ।

इरानमा बलियो आर्थिक वृद्धि, बढ्दो लगानी र उत्पादन बढाउन आवश्यक रहेको बताउँदै खमेनीले देशको आर्थिक कठिनाइहरूलाई सम्बोधन गर्न घरेलु उत्पादनमा निर्भरतालाई बढाउनु पर्ने उल्लेख गर्नुभएको छ। उहाँले जहाँ घरेलु उत्पादनले माग पूरा गर्न सक्दैन, त्यहाँ आयातलाई "उचित र बुद्धिमानीपूर्वक" प्रयोग गर्नुपर्ने समेत बताउनुभएको छ।

खमेनीले राष्ट्रिय एकता कायम राख्न र सामाजिक एकताको रक्षा गर्न आह्वान गर्दै निराशामा पुर्याउने र सार्वजनिक प्रेरणालाई कमजोर पार्ने भाषाहरू प्रयोग नगर्न चेतावनी दिनु भएको छ।

इरानमाथि बढ्दो अमेरिकी आर्थिक दबावको बीचमा उक्त टिप्पणी आएको हो । यस महिनाको सुरुमा, राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग आर्थिक कारबार गने कुनै पनि देशविरुद्ध आर्थिक अपरेसन घोषणा गर्नुभएको छ ।

## टप एन्ड टी-२० सिरिजः
# भिक्टोरियासँग नेपाल पराजित

काठमाण्डु । अष्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजअन्तर्गत भिक्टोरिया सिए-११ सँग नेपाल एक विकेटले पराजित भएको छ।



शनिबार सम्पन्न आफ्नो छैटौं खेलमा नेपालले दिएको १४३ रनको लक्ष्य भिक्टोरियाले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर पूरा गऱ्यो । उसका लागि टम रोजर्सले २१ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ३६ रन बनाए । नेपालका लागि बलिङतर्फ कुशल भुर्तेल र युवराज खत्रीले २/२ तथा आकाश चन्दले १ विकेट लिए।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपाल 'ए' ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४२ रन बनायो। नेपालका लागि कुशल भुर्तेलले सानदार पारी खेले। उनले ५६ बलमा छ चौका र पाँच छक्कासहित अविजित ९० रनको पारी खेलेका हुन्।

जारी प्रतियोगितामा कुशलको यो लगातार तेस्रो अर्धशतकीय इनिङ हो। यस्तै, आज दीपक डुम्रेले १६ रन जोडे। बाँकी ब्याटरले भने दोहोरो अङ्कमा रन जोड्न सकेनन्। भिक्टोरियाका लागि कलुम स्टो र ह्यारी होक्नेले सर्वाधिक २/२ विकेट लिए।

यसपाली प्रतियोगितामा ६ खेल खेलेको नेपालले चार खेलमा हार तथा दुई खेलमा जित दर्ता गऱ्यो।

नेपालले पहिलो खेलमा नर्दन टेरिटोरी स्ट्राइकविरुद्ध आठ विकेट तथा दोस्रो खेलमा बङ्गलादेश हाइपरफर्मेन्स-११ विरुद्ध नौ विकेटको पराजय व्यहोरेको थियो ।

यस्तै, नेपालले तेस्रो खेलमा होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रन तथा चौथो खेलमा अष्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी) लाई चार विकेटले हराएको थियो । पाँचौं खेलमा भने नेपाली टोली हैदराबाद किङ्समेन एकेडेमीविरुद्ध ३१ रनले पराजित भएको थियो । रासस

# जिम्बाब्वेमा मिनीबस र ट्रक ठोक्किँदा २७ जनाको मृत्यु

एएफपी । दक्षिणी अफ्रिकी मुलुक जिम्बाब्वेमा चर्चका सदस्य बोकेको मिनीबस र मालवाहक ट्रक आपसमा ठोक्किँदा २७ जनाको मृत्यु भएको प्रहरी प्रवक्ताले शनिबार बताएका छन्। यो दुर्घटना पछिल्ला दिनमा जिम्बाब्वेमा भएका सडक दुर्घटनाको शृङ्खलाको अर्को घटना हो।

प्रहरी प्रवक्ता पल न्याथीका अनुसार शुक्रबार राति सम्मेलनमा सहभागी हुन जाँदै गरेका चर्चका सदस्य सवार मिनीबस चिभु सहरनजिकै ट्रकसँग ठोक्किएको थियो। राजधानी हरारेबाट करिब १३२ किलोमिटर दक्षिणमा पर्ने मुख्य राजमार्गमा अर्को सवार साधनलाई उछिन्ने क्रममा ट्रक मिनीबससँग ठोक्किएको उहाँले विज्ञप्तिमार्फत बताउनुभएको छ।

सरकारी प्रसारण संस्था 'जेडबीसी न्युज'का अनुसार २३ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने अन्यको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको हो।

स्थानीय सञ्चारमाध्यमका अनुसार दुर्घटनापछि मिनीबसमा आगलागी हुँदा जलेर पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो ।




न्याथीले दुवै सवारीसाधनमा रहेका यात्रुको सङ्ख्या यकिन हुन नसकेको बताउनुभयो।

दुर्घटनामा मृत्यु हुनेहरू सेतो पोसाक लगाउने परम्पराका लागि परिचित अफ्रिकाको एक लोकप्रिय स्थानीय क्रिश्चियन सम्प्रदायका सदस्य रहेको बताइएको छ।

जिम्बाब्वेमा क्षमताभन्दा बढी यात्रु बोकेका बस तथा मिनीबस र नियमनबाहिर रहेका ट्याक्सी दुर्घटनामा पर्ने गरेका छन्। तीव्र गति, लापरबाहीपूर्वक सवारी चलाउने प्रवृत्ति तथा सडकको खराब अवस्थालाई दुर्घटनाका प्रमुख कारण मानिन्छ।

जिम्बाब्वेका अधिकारीहरूका अनुसार देशमा हुने सडक दुर्घटनामध्ये करिब ९४ प्रतिशत मानवीय त्रुटिका कारण हुने गरेका छन्।

संयुक्त राष्ट्रसङ्घको अफ्रिकाका लागि आर्थिक आयोगका अनुसार अफ्रिकामा सडक दुर्घटनामा परी वार्षिक करिब तीन लाख मानिसको मृत्यु हुने गरेको छ । यो विश्वभर सडक दुर्घटनाबाट हुने कुल मृत्युको करिब एक चौथाइ हो । आयोगका अनुसार अफ्रिकामा सडक दुर्घटनाबाट हुने मृत्युदर विश्वमै सबैभन्दा उच्च छ।

करिब एक दशमलव पाँच अर्ब जनसङ्ख्या रहेको अफ्रिकी महादेशमा विश्वभर सञ्चालनमा रहेका कुल सवारीसाधनको करिब तीन प्रतिशत मात्रै रहेको भए पनि सडक दुर्घटनाबाट हुने मृत्युको दर उच्च रहेको आयोगले जनाएको छ।

# सरकारलाई १२० दिनको विधायिकी अधिकार माग गर्दै पेरुकी राष्ट्रपति फुजीमोरी

एएफपी। राष्ट्रिय सुरक्षा चिन्ताहरू सम्बोधन गर्ने उद्देश्यले कानुन पारित गर्न सरकारलाई १२० दिनको विधायिकी अधिकार दिन पेरूकी राष्ट्रपति केइको फुजिमोरीले शुक्रबार संसद्सँग आग्रह गर्नुभएको छ।

पेरू दशकौँदेखिको सबैभन्दा खराब सुरक्षा सङ्कटबाट गुज्रिरहेको छ, जसलाई स्थानीय र विदेशी आपराधिक गिरोहहरूको फैलावटले बढाएको छ। यी गिरोहहरूले करार हत्या र जबर



जस्ती असुलीको काम गर्छन्।

फुजिमोरीले संसद्लाई 'नागरिक सुरक्षाका मामिलाहरूमा कानुन बनाउने अधिकार' र व्यापार तथा पर्यटनसहित अन्य क्षेत्रहरूमा सरकारलाई शक्ति दिने 'अत्यावश्यक' अनुरोध पेश गर्नुभएको छ।

कांग्रेसलाई पठाइएको अनुरोधमा फुजिमोरीले प्रस्ताव गरेका उपायहरूमध्ये एक 'आपराधिक संगठनहरूलाई आतङ्कवादी संगठनका रूपमा तोक्ने' कार्य रहेको छ।

यो अनुरोध दुवै संसद्का दुवै सदन 'च्याम्बर अफ डेपुटीज' र 'सिनेट'बाट अनुमोदन हुनुपर्छ।

जुलाई २८ मा पदभार ग्रहण गरेकी फुजिमोरी पूर्व राष्ट्रपति अल्बर्टो फुजिमोरीकी छोरी हुनुहुन्छ। अल्बर्टो फुजिमोरीले आतङ्कवादविरुद्धको लडाइँको रूपमा मानेका मुद्दाहरूलाई भ्रष्टाचार र मानवताविरुद्धका अपराधका रूपमा व्याख्या गर्दै उहाँलाई जेल सजाय सुनाइएको थियो।

उहाँले आफ्ना बुबाको जस्तै कडा सुरक्षा नीतिहरूको अभियान चलाउनुभएको थियो। यसको विरासत पेरूवासीहरूबीच अझै विवादित छ।

उहाँले संसद्को उद्घाटन सम्बोधनमा जबरजस्ती असुली, लागूऔषध तस्करी र अवैध खानी सञ्चालन भएका क्षेत्रहरूमा सेना तैनाथ गर्ने योजनाहरू विस्तारमा उल्लेख गर्नुभएको थियो।

# पिएसजीका बारकोलालाई लिभरपुलले भित्र्याउँदै

एजेन्सी

लिभरपुलले पेरिस सेन्ट जर्मेन (पिएसजी) का फ्रान्सेली फरवार्ड ब्राडली बारकोलालाई अनुबन्ध गर्न १ सय २३ मिलियन पाउन्डसम्मको



सम्झौता गरेको छ।

पिएसजीले शुरुमा २३ वर्षीय बारकोलाको मूल्य १ सय ४५ मिलियन पाउन्ड तोकेको थियो। तर लिभरपुलले १ सय ६ मिलियन पाउन्डको प्रारम्भिक रकम र थप १७ मिलियन पाउन्डसम्म बोनस तथा अतिरिक्त शर्तमा आधारित भुक्तानी हुने गरी सम्झौता गरेको छ।

बारकोलाले यसै सप्ताहान्त मेडिकल परीक्षण गर्ने र त्यसपछि एनफिल्डमा दीर्घकालीन सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।

बायाँ विंगमा खेल्न रुचाउने बारकोलाको आगमनले लिभरपुलमा कोडी गाक्पोको भविष्यबारे प्रश्न थप बढाएको छ। टोटनहम हट्सपर र म्यानचेस्टर सिटीले पनि नेदरल्यान्ड्सका फरवार्ड गाक्पोमा चासो देखाएका छन्।

लिभरपुलले दायाँ विंगरको खोजी पनि जारी राखेको छ । क्लबले ब्राइटनका यानकुबा मिन्टेह र क्रिस्टल प्यालेसका इस्माइला सारलाई अनुबन्ध गने सम्भावनाबारे समेत चासो देखाइसकेको छ।

लुइस डियाज र मोहम्मद सलाहले पछिल्ला दुई सिजनमा क्लब छाडेपछि आक्रमण बलियो बनाउने योजनामा रहेको लिभरपुलको प्रमुख लक्ष्य बारकोला बनेका छन्।

बारकोला सन् २०२३ मा ३८.५ मिलियन पाउन्डमा लियोनबाट पिएसजी पुगेका थिए । उनले पिएसजीबाट तीनपटक लिग वान र दुईपटक च्याम्पियन्स लिग जित्नुका साथै दुईपटक फ्रेन्च कप, यूईएफए सुपर कप र फिफा इन्टरकन्टिनेन्टल कपको उपाधि जितेका छन्।

विश्वकपमा फ्रान्सका लागि ३ गोल गरेका बारकोला दायाँ विंग र मध्यभागमा पनि खेल्न सक्छन् । ह्युगो एकिटिके अकिलिजको गम्भीर चोटबाट निको भइरहेका बेला बारकोलाले अलेक्जान्डर इसाकका लागि वैकल्पिक खेलाडीको भूमिका पनि निर्वाह गर्न सक्नेछन्।

शनिबार नटिंघम फरेस्टविरुद्धको खेलअघि लिभरपुलका प्रशिक्षक एन्डोनी इराओलालाई गाक्पोको भविष्यबारे प्रश्न गरिएको थियो । उनले गाक्पोलाई क्लबमै राख्न चाहेको बताए पनि उनको भविष्यबारे आफूले कुनै ग्यारेन्टी दिन नसक्ने बताए।

# हर्मुज क्षेत्रमा छ हजार नाविक फसेका आइएमओको दावी

एएफपी। संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय सामुद्रिक संगठन (आइएमओ) ले फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वका कारण स्ट्रेट अफ हर्मुजमा करिब छ हजार नाविकहरू फसेको जनाइएको छ।

आइएमओका महासचिव आसेनियो डोमिङ्गेजले द्वन्द्व सुरु भएको छ महिनाको अवधिमा करिब छ हजार नाविक बोकेका ४०० वटा जहाज सुरक्षित रूपमा खाडीबाट बाहिरिन असमर्थ रहेको बताउनुभएको छ। यसअघि दुई जहाजहरूमा लगभग २० हजार नाविकहरू रहेको जनाइएको थियो भने केही जहाजहरू र तिनीहरूका चालकहरू यस क्षेत्र छोड्न सक्षम भए पछि तथ्याङ्क संशोधन गरिएको थियो।

उहाँले स्ट्रेट अफ हर्मुज एक महत्त्वपूर्ण अन्तर्राष्ट्रिय जलमार्ग भएको बताउँदै त्यहाँबाट विश्वव्यापी तेल आपूर्तिको लगभग २०% आगमन हुने र हाल समुद्री यातायातको लागि बन्द रहेको बताउनुभएको छ।

आइएमओकी प्रवक्ता जोसेफिन लाटु-स्यानफटले यस क्षेत्रका हजारौं नाविकहरू बढ्दो जोखिम र अनिश्चितताको अवस्थामा बस्न र काम गर्न बाध्य रहेको बताउनुभएको छ।

इन्धन, मल र अन्य आवश्यक वस्तुहरूका लागि महत्वपूर्ण आपूर्ति शृङ्खलामा अवरोधले विश्वभरिका समुदाय र अर्थतन्त्रहरूमा असर पार्ने चेतावनी दिँदै उहाँले सङ्कटको प्रभाव अल्पकालीन तथा दीर्घकालीन रुपमा रहने बताउनुभएको छ।

# गाजा आक्रमणले बालबालिकाको मृत्यु र पूर्वाधारमा क्षति पुग्ने राष्ट्रसङ्घको चेतावनी

एएफपी । संयुक्त राष्ट्रसङ्घका मानवतावादीहरूले गाजामा जारी आक्रमणमाथि चिन्ता व्यक्त गर्दै आक्रमणमा नागरिक, र बालबालिकाहरू मारिनुका साथै मानवीय आपूर्ति र पूर्वाधारलाई क्षति पुर्याइरहेको तथा प्रमुख आपूर्तिको प्रवेश प्रतिबन्धित गरिएको जनाएका छन्।

संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले पछिल्लो पाँच दिनमा २ देखि १६ वर्षका चार जना बालबालिकाको मृत्यु भएको बताएको छ । जसमा गतहप्ता भएको आक्रमणमा घाइते भएका एक जनाको मृत्यु भएको थियो। यसैगरी ८ देखि १७ वर्षका अन्य पाँच जना हवाई आक्रमणपछि प्रत्यक्ष आगो र गोलीको चपेटामा परी घाइते भएकोसमेत युनिसेफले जनाएका थिए।

आक्रमणमा ४५ हजारभन्दा बढी बालबालिका, गर्भवती महिला र स्तनपान गराउने आमाहरूका लागि सात लाख ७० हजार अमेरिकी डलर मूल्यको युनिसेफ पोषण आपूर्ति पनि नष्ट गर्नुका साथै मानवीय साझेदारको



गोदाममापनि भारी क्षति पुर्याएको युनिसेफले जनाएको छ।

सोमबार भएको आक्रमणमा देइर अल-बलाहमा चार हजार भन्दा बढी मानिसहरूलाई सेवा दिने युनिसेफको पानीको कुवा र वितरण सुविधा नजिकै भएकोको आक्रमणबाट गम्भीर रूपमा क्षतिग्रस्त भएको छ । हाल ममानवीय साझेदारहरूले अन्य स्रोतहरूबाट ट्रकद्वारा पानी आपूर्ति गरिरहेका छन्।

नागरिक र नागरिकका लागि अत्यावश्यक वस्तुहरू-मानवीय सुविधाहरू र पूर्वाधार सँधै सुरक्षित हुनुपर्ने मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालय (ओसिएएचए) ले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घ र यसका साझेदारहरूले विस्फोटक खतराहरूको मूल्याङ्कन गरी चिन्ह लगाइरहेका छन् । मानिसहरूलाई सुरक्षा उपायहरूको बारेमा शिक्षित गर्दै र सहयोगका लागि प्रभावितहरूलाई बुझाउँदै गरेको ओसिएएचएले जनाएको छ। तर, आवश्यक उपकरण ल्याउन र विस्फोटक हतियार हटाउन भने अनुमति नदिइएको ओसिएएचले जनाएको छ।

बिहीबार, रफाहमा निर्धारित पहेँलो रेखा पार गर्दै केरेम शालोम ९कारेम अबु सलेम० सीमाबाट इन्धन लिएर फर्केको संयुक्त राष्ट्रसङ्घको टोलीको करिब ३० मिटर टाढा विस्फोटक पदार्थ विस्फोट भएको थियो।

विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले गत हप्ता गाजाबाट राफाह र केरेम शालोम/कारेम अबु सलेम सिमामार्फत १९ बालबालिका र १३२ साथीहरूसहित १०६ बिरामीहरूलाई बाहिर निकाल्न सहयोग गरेको बताउनुभएको छ।

सन् २०२३ अक्टोबर देखि १३ हजारभन्दा बढी बिरामीहरू र १६ हजार साथीहरूलाई बाहिर निकालिएको तर हजारौं अझै पनि चिकित्सा निकासीको प्रतीक्षामा रहेको जनाउँदै टेड्रोसले समयमै उपचार सुनिश्चित गर्न धेरै सीमाहरुमार्फत दिगो पहुँच आवश्यक रहेको बताउनुभएको छ।

ओसिएइचएले वेस्ट ब्याङ्कको जेनिनमा घातक ड्रोन आक्रमण भएको पनि रिपोर्ट गरेको छ। आक्रमण पुष्टि भयो भने वेस्ट ब्याङ्कमा यो महिनामा भएको पहिलो घातक हवाई आक्रमण हुनेछ।

# मंगोलियाका आउटसाइड हिटर उरानबायरले एनपिएल खेल्ने


**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल भलिबल लिग (एनभिएल) को पहिलो संस्करणको लागि मंगोलियाका राष्ट्रिय टोलीका आउटसाइड हिटर उरानबायर मंखबायरलाई अन्नपूर्ण स्पाइकर किंग्सले अनुबन्ध गरेको छ।

नेपालमा पहिलोपटक आयोजना हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज लिगमा प्रतिस्पर्धा गर्न अन्नपूर्णले उरानबायरलाई आफ्नो टोलीमा भित्र्याएको छ । उनको आगमनले टोलीको आक्रमणलाई थप बलियो, प्रभावकारी र सन्तुलित बनाउने विश्वास लिइएको छ।

२१ वर्षीय उरानबायरले घरेलु कोर्टमा सम्पन्न एसियन इस्टर्न जोनल मेन्स भलिबल च्याम्पियनसिपमा मंगोलियालाई कांस्य पदक दिलाउन उनले महत्वपूर्ण योगदान दिए । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका उरानबायर बेस्ट सर्भर घोषित भए।

६ फिट ६ इन्च अग्ला उरानबायर शक्तिशाली स्पाइक र प्रभावकारी सर्भका लागि परिचित छन्। युवा उमेरमै राष्ट्रिय टोलीमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका उनले मंगोलियाका विभिन्न क्लबका साथै दक्षिण कोरियामा समेत भलिबल खेलिसकेका छन्।



उरानबायरले मंगोलिया प्रिमियर लिग २०२५-२६ मा दार्खान मोगुल्सबाट उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेयर (एमभिपी) चुनिए । दार्खान मोगुल्सबाट खेलेका उनी सोही प्रतियोगितामा बेस्ट आउटसाइड हिटर समेत घोषित भए।

उरानबायर अन्नपूर्णले एनभिएलका लागि अनुबन्ध गरेको पहिलो विदेशी खेलाडी हुन् । टोलीले बाँकी विदेशी खेलाडीहरुको घोषणा पनि छिट्टै गर्ने जनाएको छ।

गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै एनभिएल प्रतिस्पर्धा गर्न लागेको अन्नपूर्णमा गण्डकीकै मिडल ब्लकर हिमाल सुनारी मार्की खेलाडीका रूपमा रहेका छन् । उनले केही समयमअघि काभा पुरुष भलिबल च्याम्पियनसिपमा राष्ट्रिय टिमबाट डेब्यु गरे।

गण्डकी प्रदेशकै रमेश केसी मुख्य प्रशिक्षक तथा नेपाली पुरुष राष्ट्रिय टोलीका पूर्व खेलाडी एवं त्रिभुवन आर्मी क्लबका पूर्व खेलाडी तथा प्रशिक्षक नरेन्द्र गिरी सहायक प्रशिक्षकका रूपमा टोलीमा छन्।

केही समयअघि काभा पुरुष भलिबल च्याम्पियनसिपमार्फत राष्ट्रिय टोलीमा डेब्यु गरेका अर्का खेलाडी राजेन्द्र धामी पनि अन्नपूर्णको टोलीमा छन्।

टोलीमा गण्डकी प्रदेशका अनुभवी रवी केसी, विश्वास अधिकारी, विवश आले र सुरेन्द्र केसी र उमेर समूहको राष्ट्रिय टोलीबाट खेलिसकेका लिबेरो जितबहादुर सार्की पनि टोलीमा छन्। यस्तै देव राना पनि टोलीका सदस्य छन्।

युवा प्रतिभालाई अवसर दिने उद्देश्यअनुसार अन्नपूर्णले पोखरामा आयोजना गरेको ट्यालेन्ट हन्टबाट किरण भण्डारीलाई छनोट गरेको छ । एनभिएलको प्रावधानअनुसार प्रत्येक फ्रेन्चाइज टोलीले ट्यालेन्ट हन्टमार्फत एक जना युवा खेलाडी छनोट गर्नुपर्ने व्यवस्था छ।

६ टोलीको सहभागितामा पहिलो संस्करण यही भदौ १९ गते त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषदको कभर्डहलमा हुने जनाइएको छ।

# नौ जलविद्युत् आयोजनाबाट ५३७ जना सम्पर्कविहीन

काठमाण्डु । भोटेकोशी नदीमा गएको बाढीबाट नौ वटा जलविद्युत् आयोजनाका ५३७ जना कर्मचारी तथा श्रमिक अहिलेसम्म सम्पर्कविहीन भएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अनुसार रसुवा र नुवाकोटमा रहेका नौ वटा जलविद्युत् आयोजनामा कार्यरत ८९८ जना सम्पर्कविहीन भएका थिए । तीमध्ये ३६१ जनाको उद्धार भइसकेको छ ।



दुई सय १६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाबाट ५७६ जना सम्पर्कविहीन भएकामध्ये २५४ जनाको उद्धार भइसकेको छ । सोही आयोजनाको सुरुङमा अझै पनि ३०० जना श्रमिक तथा कर्मचारी फसेको बताइएको छ । अहिले सो सुरुङमार्गमा खोजी भइरहेको छ ।

त्यसैगरी, १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाबाट पनि ९३ जना सम्पर्कविहीन भइरहेका छन् । रसुवा भोटेकोशी जलविद्युत् आयोजनाबाट चार जना सम्पर्कविहीन भएको इप्पानले जनाएको छ । लाङ्टाङ खोला जलविद्युत् आयोजनाबाट ४२ जना सम्पर्कविहीन भएकामध्ये अहिलेसम्म १८ जनाको उद्धार भएको छ ।

त्यसैगरी, चिलिमे हाइड्रो पावरबाट आठ जना सम्पर्कविहीन भइरहेका छन् । मैलुङ खोला हाइड्रोपावरबाट सात जना सम्पर्कविहीन भएका छन् । त्रिशूली जलविद्युत् आयोजनाबाट एक जना सम्पर्कविहीन भएका छन् । देवीघाट जलविद्युत् आयोजनाबाट एक जना सम्पर्कविहीन भइरहेका छन् । माथिल्लो त्रिशूली 'थ्री' ए जलविद्युत् आयोजनाबाट ४२ जना सम्पर्कविहीन भएका छन् ।

माथिल्लो त्रिशूली 'थ्री' बी जलविद्युत् आयोजनाबाट १२२ जना सम्पर्कविहीन भएकामध्ये ९१ जनाको जिवितै उद्धार गरिएको छ । मिडल त्रिशूली गंगा जलविद्युत् आयोजनाबाट दुई जना सम्पर्कविहीन भएका छन् । रासस

# त्रिभुवन र पोखरा विश्वविद्यालयका कर्मचारीले बाढीपीडितलाई सहयोग गर्ने

काठमाण्डु । प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनः स्थापनाका लागि त्रिभुवन र पोखरा विश्वविद्यालयले 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा आर्थिक सहयोग गर्ने निर्णय गरेका छन् । दुवै विश्वविद्यालयका कार्यकारी परिषद्का छुट्टाछुट्टै बैठकले विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिकबाट तहअनुसार निश्चित रकम कट्टा गरी कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।



त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्को शुक्रबार बसेको बैठकले उपकुलपति, रजिस्ट्रार र रेक्टरको एक महिनाको पारिश्रमिक कट्टा गर्ने निर्णय गरेको छ । त्यस्तै प्राध्यापक तथा प्रशासनतर्फका सोसरहका कर्मचारीबाट मासिक सुरु तलब स्केलको दश दिन बराबरको, उपप्राध्यापक, उपप्रशासक, शाखा अधिकृत तथा प्रशिक्षक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट सात दिन बराबरको रकम कट्टा गरिनेछ ।

यसैगरी मुख्य कार्यालय सहायक, कार्यालय सहायक वा सोसरहका कर्मचारीबाट पाँच दिन र श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको पारिश्रमिक कट्टा गरी कोषमा जम्मा गरिने विश्वविद्यालयले जनाएको छ । रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा आएको बाढीबाट भएको जनधनको क्षतिपछि राहत तथा पुनः स्थापना कार्यमा योगदान पुऱ्याउने उद्देश्यले सहयोग गर्ने निर्णय गरिएको जनाइएको छ ।

यसैबीच, पोखरा विश्वविद्यालयले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा करिब रु ७० लाख सहयोग गर्ने भएको छ । विश्वविद्यालयको कार्यकारी परिषद्को आज बसेको बैठकले पदाधिकारी, शिक्षक तथा कर्मचारीबाट तहअनुसार रकम सङ्कलन गर्ने निर्णय गरेको हो ।

निर्णयअनुसार पोखरा विश्वविद्यालयका उपकुलपतिबाट एक महिनाको तलब बराबर तथा प्राध्यापक, प्रशासक, सहप्राध्यापक, सहप्रशासक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको दश दिन बराबरको रकम योगदान गरिनेछ । उपप्राध्यापक, उपप्रशासक, प्रशिक्षक, सहायक प्रशासक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट सात दिन, उपप्रशिक्षक, सहायक प्रशिक्षक, मुख्य सहायक, सहायक वा सोसरहका शिक्षक तथा कर्मचारीबाट पाँच दिन तथा श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको सुरु तलब कट्टा गरिनेछ ।

पोखरा विश्वविद्यालयका अनुसार यसरी सङ्कलन हुने रकम करिब रु ७० लाख पुग्ने अनुमान गरिएको छ । उक्त रकम विपद्बाट प्रभावित परिवार तथा समुदायको राहत, उद्धार र पुनःस्थापनामा सहयोग पुऱ्याउन प्रयोग गरिनेछ । रासस

# बाढीपीडितका लागि क्यानद्वारा ३० लाख सहयोग



काठमाण्डु । नेपाल क्रिकेट संघ (क्यान)ले भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायको राहत, उद्धार र पुनःस्थापनाका लागि रु ३० लाख सहयोग गर्ने निर्णय गरेको छ ।

क्यानका सचिव पारस खड्काले शनिबार प्रेस विज्ञप्तिमार्फत विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि सङ्घका तर्फबाट उक्त रकम सहयोग गर्ने निर्णय भएको जानकारी दिनुभएको हो । क्यानले उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने जनाएको छ ।

प्राकृतिक विपद्बाट प्रभावित सम्पूर्ण नागरिकप्रति ऐक्यबद्धता जनाउँदै क्यानले विपद्को समयमा उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा आवश्यक सहयोग र सहकार्यका लागि सदैव प्रतिबद्ध रहने जनाएको छ । रासस

# सुदूरपश्चिम विश्वविद्यालयद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने निर्णय

महेन्द्रनगर । सुदूरपश्चिम विश्वविद्यालयले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्ने निर्णय गरेको छ ।




विश्वविद्यालयको आज बसेको कार्यकारी परिषद्को बैठकले विश्वविद्यालय तथा मातहतका निकायमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीको भदौ महिनाको तलबबाट निश्चित रकम कट्टा गरी विपद् राहतका लागि उपलब्ध गराउने निर्णय गरेको रजिस्ट्रारको कार्यालयले जनाएको छ । विश्वविद्यालयले रसुवा जिल्लास्थित भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत जिल्लाका तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएको घटनाप्रति दुःख व्यक्त गर्दै विश्वविद्यालयले बाढी प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि रकम सहयोग गर्ने निर्णय गरेको हो ।

जसअनुसार उपकुलपतिको एक महिनाको तलब बराबरको रकम कट्टा गरिनेछ । प्राध्यापक, सहप्राध्यापक, सहप्रशासक वा सो सरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिनको तलब कट्टा गरिनेछ ।

त्यस्तै, उपप्राध्यापक, उपप्रशासक, सहायक प्रशासक, शिक्षण सहायक, प्रशिक्षक वा सो सरहका शिक्षक तथा कर्मचारीबाट सात दिनको तलब, मुख्य सहायक, सहायक वा सो सरहका कर्मचारीबाट पाँच दिनको तलब र श्रेणीविहीन कर्मचारीबाट दुई दिनको तलब कट्टा गरिने विश्वविद्यालयले जनाएको छ । यसरी सङ्कलन गरिएको रकम करिब ८८ लाख कार्यालयले जनाएको छ ।

विश्वविद्यालयका रजिस्ट्रार प्राडा गोविन्दसिंह बिष्टद्वारा जारी सूचनामा प्राकृतिक विपद्मा परी ज्यान गुमाएका नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको छ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको समेत कामना गरिएको छ । विश्वविद्यालयले विपद्को यस घडीमा प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनाका लागि आफ्नोतर्फबाट सहयोग गने प्रतिबद्धता जनाएको छ । रासस

# आयोजनाको सुरुङबाट विदेशीसहित २०८को उद्धार



काठमाण्डु । रसुवाको भोटेकोशी बाढीका कारण प्रभावितहरूको उद्धारका क्रममा नेपाली सेनाका हेलिकप्टरद्वारा आज दिउँसोसम्म ४३ विदेशी सहित २०८ नागरिक त्रिशूली-३ जलविद्युत् आयोजनाको सुरुङबाट उद्धार गरिएको छ ।

सुरुङमा रहेका ३८ चिनियाँ र पाँच भारतीयसहित २०८ जनाको उद्धार गरिएको नेपाली सेनाले जनाएको छ । उद्धारका लागि रहेको संयुक्त टोलीले 'ड्रिलिङ मेसिन' लगायत सामग्रीको प्रयोग गरी सुरुङको बाहिरी भाग पत्ता लगाउने प्रयास भइरहेको जनाइएको छ ।

साथै, प्रभावित जिल्ला रसुवा, नुवाकोट, धादिङलगायत नेपाली सेनाको करिब सात हजार भन्दा बढी फौज खटिई समन्वयात्मक रूपमा घाइतेहरूको खोज तथा उद्धार कार्य, आपत्कालीन उपचार तथा शव व्यवस्थापन कार्य भइरहेको सेनाले जनाएको छ । रासस

# निगमले हवाई उद्धारका लागि ४० हजार ८४० लिटर हवाई इन्धन पठायो

काठमाण्डु । नेपाल आयल निगमले भोटेकोशी नदीमा बाढी गएपछि खोज तथा उद्धारमा संलग्न हेलिकप्टरका लागि ४० हजार ८४० लिटर हवाई इन्धन नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकमा पठाएको छ ।




निगमले आज प्रेस विज्ञप्ति जारी गरेर खोज तथा उद्धारका लागि गत भदौ १० गतेदेखि नियमित रुपमा नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकमा उपलब्ध गराउँदै आइरहेको जनाएको छ ।

सोही ठाउँबाट हेलिकप्टरका लागि हवाई इन्धन रिफिलिङको काम हुँदै आइरहेको छ । निगमका अनुसार भदौ १० मा १२ हजार लिटर, भदौ ११ मा हेलिकप्टर र ट्र्याङ्करमार्फत १० हजार ८४० लिटर पठाएको थियो । त्यसैगरी भदौ १२ गते नौ हजार लिटर र भदौ १३ गते नौ हजार लिटर हवाई इन्धन उपलब्ध गराएको छ । निगमको थानकोटस्थित बागमती प्रादेशिक कार्यालयबाट बाढी प्रभावित क्षेत्रमा रहेका पेट्रोलपम्पलाई भदौ १३ गतेसम्म ७२ हजार लिटर पेट्रोल र ६२ हजार लिटर डिजेल उपलब्ध गराइएको निगमले जनाएको छ ।

निगमले बाढी प्रभावित स्थानमा रहेका सेल्टरमा नेपाल ग्यास उद्योगबाट नुवाकोटमा २३२ थान सिलिण्डर ग्यास उपलब्ध गराएको छ । त्यसैगरी एलपी ग्यास उद्योग सङ्घबाट पनि नुवाकोट र रसुवाका लागि १५० थान सिलिण्डर राहत कार्यमा पठाइएको जनाएको छ । रासस

# माथिल्लो त्रिशूली ३ 'बी'को सुरुङमा फसेकाहरूको उद्धार जारी

काठमाण्डु । बाढीका कारण प्रभावित बनेको नुवाकोटस्थित माथिल्लो त्रिशूली ३ 'बी' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेकाहरूको सुरक्षित उद्धारका लागि नेपाल सरकारले विशेष संयन्त्र परिचालन गर्दै निरन्तर प्रयास जारी राखेको छ ।



अत्यन्त जोखिमपूर्ण र प्राविधिक रूपमा जटिल मानिएको यस उद्धार कार्यलाई थप प्रभावकारी बनाउन नेपाल सरकारको अनुमतिमा प्राविधिक रूपमा उच्च दक्ष चिनियाँ विज्ञ टोलीलाई परिचालन गरिएको छ । सरकारको अनुमतिपश्चात् छ जना सम्मिलित चिनियाँ विज्ञ टोली मैदानमा खटिएका छन् ।

चिनियाँ हेलिकप्टरमार्फत सोझै त्रिशूली क्षेत्रमा अवतरण गरेको उक्त टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग समन्वय र सहकार्य गर्दै संयुक्त रूपमा उद्धारको काम सुरु गरिरहेका छन् । संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक 'रेकी' (अनुगमन) गर्नेछन् । प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा तयारी अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइनेछ ।

सुरुङभित्रको अवस्था अत्यन्त चुनौतीपूर्ण भए पनि नेपाल सरकार, नेपाली सेना र चिनियाँ विज्ञ टोलीको एकीकृत प्रयासबाट फसेका श्रमिकहरूलाई सकुशल बाहिर निकाल्न हरसम्भव कोसिस भइरहेको छ । रासस

# नेपालका बाढीपीडितका लागि टप एन्ड टी-२० सिरिजमार्फत सहयोग अभियान

काठमाण्डु । बुधबार रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित बालबालिकाका लागि अष्ट्रेलियाको डार्विनमा जारी टप एन्ड टी-२० सिरिजमार्फत सहयोग अभियान सञ्चालन गरिने भएको छ । प्रतियोगिताको बाँकी खेलमा प्रवेश शुल्क नलिने र मैदानमा आउने दर्शकबाट स्वेच्छिक रूपमा सहयोग रकम सङ्कलन गरिने आयोजक नर्दन टेरिटोरी क्रिकेटले जनाएको छ ।



"एनटी टप एन्ड टी-२० सिरिजका बाँकी खेलमा दर्शकलाई प्रवेश शुल्क लाग्ने छैन । मैदान प्रवेश गर्दा दर्शकहरूलाई स्वेच्छिक रूपमा सहयोग रकम दिन आग्रह गरिएको छ ।

आज राति हुने नेपाल र भिक्टोरियाबीचको खेलमा थप सहयोग रकम जुटाउन नेपाली टोलीका खेलाडीहरूले हस्ताक्षर गरेका क्रिकेट ब्याटको ऱ्याफल (गोलाप्रथा) समेत गरिनेछ", नर्दन टेरिटोरी क्रिकेट (एनटी स्ट्राइक) ले आज सामाजिक सञ्जाल फेसबुकमार्फत जनाएको छ ।

सङ्कलित सम्पूर्ण रकम नेपालका बालबालिकालाई स्वास्थ्य सेवा, पोषण तथा सुरक्षित खानेपानी उपलब्ध गराउन युनिसेफ अस्ट्रेलियाले सञ्चालन गरेको सहयोग अभियानमा प्रदान गरिने एनटी स्ट्राइकले जनाएको छ ।

जारी प्रतियोगितामा नेपाल 'ए' राष्ट्रिय पुरुष क्रिकेट टोलीले आज भिक्टोरिया सिए-११ विरुद्ध खेल्ने तालिका छ । सेमिफाइनल पुग्न वञ्चित भइसकेको नेपाल शनिबार सान्त्वना जितको खोजीमा छ । नेपाल अहिले चार अङ्कसहित तालिकाको सातौँ स्थानमा छ । रासस

# बाढीपीडितका लागि इयूद्वारा २० लाख युरो सहयोग



काठमाण्डु । युरोपेली संघ (इयू) ले नेपालमा अकस्मात् आएको बाढीबाट प्रभावित समुदायलाई सहयोग गर्न २० लाख युरो मानवीय सहायता उपलब्ध गराउने भएको छ ।

इयूले शनिबार विज्ञप्ति जारी गरी आपत्कालीन अवस्थामा सहायतास्वरुप खाद्यान्न, स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाइलगायत तत्कालीन आवश्यकता पूरा गर्न उक्त रकम सहयोग गर्ने जनाएको हो । इयूबाट सहयोग प्राप्त साझेदार संस्थाहरूले पनि प्रभावित क्षेत्रमा सहयोग उपलब्ध गराउन थालिसकेका छन् ।

"उक्त सहायता यस वर्षको सुरुआतमा नेपालमा विपद् पूर्वतयारीका लागि विनियोजन गरिएको करिब ३० लाख युरो मानवीय सहायताको अतिरिक्त हो । विपद्पछि नेपालमा रहेका ईयूका साझेदार संस्थाहरूले पूर्वतयारी अवस्थामा राखिएका आश्रय सामग्री तथा राहत सामग्री वितरण गर्दै तत्काल सहयोग सुरु गरेका थिए", विज्ञप्तिमा भनिएको छ । इयूले आफ्नो प्रतिकार्य समन्वय गर्न एसियाका लागि 'ऱ्यापिड रेस्पोन्स कोअर्डिनेटर' समेत परिचालन गर्ने जनाएको छ ।

स्थानीय प्रतिकार्यमा सहयोग पुऱ्याउन इयूले प्रभावित क्षेत्रको नक्सा उपलब्ध गराउन 'कोपरनिकस' भू-उपग्रह सेवा सक्रिय गरेको छ । इयू कमिस्नर फर प्रिपेयर्डनेस एण्ड क्राइसिस म्यानेजमेन्ट हाड्जा लाहबिबले बाढीका कारण सडक बगेका, गाउँहरू सम्पर्कविहीन भएका र परिवारहरू आफ्ना सम्पर्कविहीन आफन्तको खोजीमा रहेका उल्लेख गर्दै यस बाढीले विगतका विपद्बाट पुनर्निर्माणमा रहेका समुदायलाई थप प्रभावित बनाएको बताउनुभयो ।

उहाँले इयू प्रभावित समुदायको साथमा रहेको उल्लेख गर्दै तत्काल आवश्यक स्वास्थ्य सेवा, खाद्यान्न, पानी तथा आश्रयका लागि २० लाख युरो उपलब्ध गराइएको विज्ञप्तिमार्फत जानकारी दिनुभयो । रासस

# हरिखेतान कलेजद्वारा बाढी प्रभावित नागरिकलाई पाँच लाख सहयोग

वीरगञ्ज । हरिखेतान बहुमुखी कलेजले बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि रु पाँच लाख सहयोग गरेको छ ।

वीरगञ्जस्थित सामुदायिक शिक्षण संस्था सो कलेजले आज एक कार्यक्रमकाबीच बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख रूपैयाँ सहयोग गरेको हो ।

कलेज व्यवस्थापन समितिका सल्लाहकार जयप्रकाश खेतानले कलेजले सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरेको जानकारी दिनुभयो ।

कलेज प्रमुख किशोरी रायले भन्नुभयो, "विपद्को समयमा शैक्षिक संस्थाहरूले पनि आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्छ, त्यसैले पनि रसुवाको भोटेकोटेमा बाढी तथा पहिरो प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनामा पाँच लाख सहयोग गरेका छौँ ।"रासस

# बाढी पीडितका लागि वीरगञ्ज हेल्थ केयर अस्पतालद्वारा सहयोग

**टुडे समाचारदाता**

वीरगञ्ज । रसुवासहितका जिल्लामा विनाशकारी बाढी पहिरोबाट प्रभावित नागरिकका सहयोगका लागि वीरगञ्ज हेल्थ केयर अस्पतालले १० लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ।




अस्पतालमा एक कार्यक्रमको आयोजना गरी अस्पतालले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा १० लाख रुपैयाँ हस्तान्तरण गरेको छ।

भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट रसुवा र नुवाकोट जिल्लाका विभिन्न स्थानमा ठुलो धनजनको क्षति पुगेकोले उक्त प्राकृतिक विपद् घटनाबाट प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालका अध्यक्ष अबुलहैस अन्सारीले पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तमार्फत १० लाख रुपैयाँ कोषमा जम्मा गरेका छन्।

बाढीमा परी अकाल्मै ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै अस्पताल प्रमुख अन्सारीले शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेका थिए।

अध्यक्ष अन्सारीले जनाए अनुसार विपद्को समयमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि वीरगन्जबाट अपेक्षा अनुसार रकम जम्मा हुन सकेको छैन, त्यसैले पनि अरुले जम्मा गरुन भन्ने उत्प्रेरणाको हेतुले औपचारिकरुपमा पैसा जम्मा गरेको हुँ।

"अब आशा छ, वीरगन्जबासीले आर्थिक नगरीबाट धेरै रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्नेछन्," उनले भने।

उनले राज्यसँगै निजी क्षेत्र, सामाजिक संघसंस्था र आम नागरिकले समेत आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए।

उनले भने, 'बाढी पहिरोका कारण धेरै नागरिकले अकालमै ज्यान गुमाउनुपरेको छ। सयौं परिवार प्रभावित भएका छन्। यस्तो दुखको क्षणमा हामी मौन बस्नु हुँदैन, सक्दा पनि सक्दैनौ। त्यसकारण प्रभावित नागरिकको उद्धार र राहतमा केही सहयोग पुगोस् भन्ने हेतुले १० लाख रुपैयाँ सहयोग गरेको हुँ।'

उनले आगामी दिनमा पनि विपद् प्रभावित नागरिकको उपचार तथा मानवीय सेवाका क्षेत्रमा थप सहयोगको आवश्यक परे सहकार्यलाई निरन्तरता दिने आफू तयार रहेको जनाए। कार्यक्रममा सहभागी पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तले यस्तो विपदको समया आर्थिक सहयोग गर्नु भनेको धेरै सराहनीय कार्य रहेको जनाए।

प्रधानमन्त्री राहत कोषमा वीरगञ्ज अहिलेसम्म पछाडि रहेको औल्याउँदै सांसद पन्तले व्यवसायीहरुलाईसमेत सहयोग गर्न आग्रह गरेका छन्।

# भोटेकोशी बाढी : मधेस प्रदेशका हराइरहेकामध्ये २२ जना सम्पर्कमा

**टुडे समाचारदाता**

जनकपुरधाम। रसुवाको भोटेकोशी नदी आएको बाढीपछि हराइरहेका मधेस प्रदेशका १७१ जनामध्ये आजसम्म २२ जना परिवारको सम्पर्कमा आएका छन्। मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर प्रदेशका १७१ जना हराइरहेकामा आजसम्म टेलिफोनमार्फत २२ जना सम्पर्कमा आएका छन्।



हालसम्म सप्तरीका ४५, पर्साका ३९, रौतहटका १७, बाराका २३, सर्लाहीका १५, महोत्तरीका १७, धनुषाका पाँच र सिरहाका १० जना सम्पर्कविहीन रहेका विवरण प्राप्त भएको वरिष्ठ प्रहरी उपरीक्षक ढकालले जानकारी दिए।

सम्पर्कविहीनमध्ये आज बिहानसम्ममा पर्साको पोखरिया नगरपालिका-५ का ओजिर अन्सारी, वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम, जितपुर सिमरा उपमहानगरपालिका-१२ का रोजितकुमार साह, स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता सम्पर्कमा आएका प्रवक्ता ढकालले बताए।

त्यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए। सर्लाहीको लालबन्दी नगरपालिका-१ का बृजकिशोर दास, सुनिता दास, श्यामलाल मोक्तान, बागमती नगरपालिका-६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, इञ्जिनियर विपीनकुमार मण्डल र धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार सम्पर्कमा आएका छन्। उहाँका अनुसार सिरहाको गोलबजार नगरपालिका-१० का टार्जन बलम्पाकी पनि टेलिफोनमार्फत सम्पर्कमा आएका छन्।

मधेस प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएका सूचना आउने थालेपछि प्रहरी कार्यालयहरूले सम्पर्कविहीन भएकाहरूको विवरण सङ्कलन गर्न थालेको छ। बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उनले बताए।

मधेसका विभिन्न जिल्लाबाट रोजगारी, व्यवसाय तथा अन्य कामका लागि रसुवा पुगेका नागरिकसमेत विपद्को चपेटामा परेपछि परिवारजन चिन्तित बनेका छन्। सम्बन्धित परिवार तथा आफन्तले सम्पर्कविहीन व्यक्तिबारे कुनै जानकारी प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन, प्रहरी तथा स्थानीय प्रशासनलाई जानकारी गराउन वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए।

# कृषि फार्मको गोठमा आगलागी



**टुडे समाचारदाता**

रौतहट। रौतहटको चन्द्रपुर नगरपालिका-२ जुडीबेलामा शनिबार बिहान गाईगोठमा अचानक आगलागी हुँदा चार वटा गाईसहित सात वटा चौपाया जलेर मरेका छन्। आगलागीबाट करिब नौ लाख रुपैयाँ बराबरको क्षति भएको छ।

जुडीबेला निवासी सन्तोषी बस्नेतको आचार्य एकीकृत कृषि फार्मको गाईगोठमा बिहान करिब ५ बजे आगलागी भएको छ।

सूचना प्राप्त हुनासाथ अस्थायी प्रहरी पोस्ट जुडीबेलाका प्रहरी सहायक निरीक्षक बरुण कुमार रायको कमाण्डमा खटिएको टोली र स्थानीयवासीको संयुक्त प्रयासमा बिहान ६:५० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको थियो।

जिल्ला प्रहरी प्रवक्ता डीएसपी बसन्त गौतमले जनाए अनुसार आगलागीबाट चार वटा गाई, दुई वटा बाछा र एक वटा भैंसी गरी सात वटा चौपाया जलेर मरेका छन्। दुई वटा गाई र एक वटा खसीलाई भने जलेको अवस्थामा उद्धार गरिएको छ। घटनामा मानवीय क्षति भएको छैन।

आगलागीको कारण भने तत्काल खुल्न सकेको छैन। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका इन्स्पेक्टर दिनेश थापाको कमाण्डमा खटिएको टोलीले घटनास्थलको मुचुल्का उठाएको र घटनाबारे थप अनुसन्धान भइरहेको रौतहट प्रहरीले जनाएको छ।

# राम युवा कमिटीद्वारा रक्तदान कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम। राम युवा कमिटीले ३६औँ स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरी मनाएको छ।

'मानव सेवा नै मनुष्यको सर्वोत्तम कार्य हो' भन्ने मूल नाराका साथ स्थापित कमिटीले शनिबार जनकपुरधामको जनकचौकमा 'रक्तदान जीवनदान' भन्ने भावनाका साथ रक्तदान कार्यक्रम आयोजना गरेको छ।

प्राकृतिक विपत्तिको समयमा घाइते तथा उपचाररत बिरामीलाई आवश्यक पर्ने रगतको अभाव हुन नदिन कार्यक्रम आयोजना गरिएको कमिटीले जनाएको छ। कार्यक्रमका क्रममा राम युवा कमिटीका पूर्वअध्यक्ष प्रमोद चौधरीले रसुवा क्षेत्रमा आएको विनाशकारी बाढीमा परी घाइते भएकाहरूको उपचारमा सहयोग पुग्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। उनले विपद्का कारण ठूलो संख्यामा घाइते भएका व्यक्तिहरूलाई उपचारका क्रममा रगत आवश्यक पर्न सक्ने भएकाले मानवीय सेवाको भावनासहित रक्तदान कार्यक्रम सञ्चालन गरिएको उल्लेख गरे। साथै यो विपदको समयमा आफूहरुले वार्षिकोत्सवको अवसरमा आयोजना गर्ने भनिएको उत्सवका कार्यक्रमहरु रद्द गरेको जानकारी समेत दिए।

सो कमिटीले स्थापना दिवसको अवसरमा प्रत्येक वर्ष सामाजिक तथा मानवीय सेवासंग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। रक्तदान कार्यक्रममा रामयुवा कमिटीका अध्यक्ष विजय साह, पूर्व अध्यक्षहरु रामबाबु साह, जितेन्द्र साह सहितको उपस्थिति रहेको थियो।

# नारायणखोलाका 'राम–लक्षुमण' सम्पर्कविहीन

**टुडे समाचारदाता**

मलंगवा। भोटेकोशीको बाढीमा परेर सर्लाहीको विकट गाउँ, लालबन्दी नगरपालिका-१४, नारायणखोला माइस्थानका जुम्ल्याहा दाजुभाई अर्थात् 'राम-लक्षण' नै सम्पर्कविहीन भएको जानकारी प्राप्त भएको छ।



मजदुरका लागि भनी अघिललो महिना साउनमा मात्र रसुवाको टिमुरे गएका जुम्ल्याहा ३४ वर्षीय जयबहादुर गोले र मानबहादुर गोलेसँगै गएकी काकाको छोरी ३६ वर्षीया सुस्मिता भन्ने सुमित्रा गोलेसमेत सम्पर्कविहीन भएका हुन्। उनीहरुको परिवारले तीनै जनाको खोजी गरिदिन माग गर्दै इलाका प्रहरी कार्यालय लालबन्दीमा निवेदन दिएका लालबन्दी-१४ का वडाध्यक्ष छेनामसिंह घिसिङले जानकारी दिए।

एक महिनाअघि मात्र काम गर्न रसुवा पुगेका तीनै जना सम्पर्कविहीन भएपनि आर्थिक अवस्था कमजोर रहेको र ठाउँसमेत दुर्गम पर्ने भएकाले कहाँकता जाने भनेर मेलोमेसो नपाउँदा उनीहरुको परिवारमा रुवावासी चलेको वडाध्यक्ष घिसिङले बताए। नारायणखोलाका बाहेक सर्लाहीका अन्य ठाउँका सम्पर्कविहीन व्यक्तिका परिवारका सदस्य तथा आफन्तहरु सम्पर्कविहीन व्यक्तिको अवस्था बुझ्न र खोजी कार्यमा सहयोग गरिदिन आग्रहसहित बाढी प्रभावित क्षेत्रमा पुगेका छन्।

सर्लाहीका सम्पर्कविहीनमध्ये एउटै गाडीमा रसुवाको गोसाइकुण्ड प्रस्थान गरेका लालबन्दी नगरपालिका-५, मेजरगन्जका चिरन्जीवी खतिवडा, कृष्ण धमला, द्वारिका दङ्गाल, लालबन्दी नगरपालिका-९, बस्तीपुर घरभइ काठमाडौं बस्ने माधव काफ्ले र उहाँको छोरा अनुज काफ्लेको अवस्था चार दिनदेखि सम्पर्कविहीन नै छन्। उनीहरु पाँच जनासहित जिल्लाका बेपत्ता अन्य व्यक्तिका परिवार, आफन्त र गाउँलेमा निरन्तर रुवावासी चलिरहेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले भोटेकोशी बाढीमा परेर सर्लाहीका मात्र १० जना भन्दा बढी बेपत्ता रहेका बताए।

# नारायणीमा बाढीको बहाव बढेपछि पश्चिम चितवन उच्च जोखिम

**टुडे समाचारदाता**

चितवन। रसुवाको माथिल्लो भेगबाट आएको बाढीका कारण त्रिशूली हुँदै नारायणी नदीमा पानीको बहाव उल्लेख्य रूपमा बढेपछि पश्चिम चितवनका नदी किनारका बस्तीहरू जोखिममा परेका छन्। भरतपुर महानगरपालिका-१७ स्थित माझुवा बस्ती लगायतका क्षेत्रमा नदीले धार परिवर्तन गर्न सक्ने सम्भावना देखिएपछि जोखिम न्यूनीकरणका लागि सरकारी संयन्त्र परिचालन गरिएको ऊर्जा तथा जलस्रोत मन्त्री विराजभक्त श्रेष्ठले जानकारी दिए।

मन्त्रालयले जनाए अनुसार विगतको जोखिम नक्सांकनमा नारायणी नदीको उक्त खण्डलाई तुलनात्मक रूपमा कम जोखिमयुक्त क्षेत्रका रूपमा वर्गीकरण गरिएको थियो। तर पछिल्ला वर्षहरूमा नदीको बहाव प्रवृत्तिमा आएको परिवर्तनसँगै पानीको बहाव र थेग्रान तथा गेग्रानको व्यवहार अपेक्षाभन्दा फरक देखिएको भन्दै नारायणी करिडोरको बाढी जोखिम नक्सा पुनरावलोकन गरिने भएको छ।

सूचना प्राप्त भएलगत्तै मन्त्रालयअन्तर्गतको फिल्ड कार्यालय स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरी घटनास्थलमा परिचालन भएको मन्त्रालयले जनाएको छ। जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशकको नेतृत्वमा जलविज्ञ सम्मिलित प्राविधिक टोलीसमेत घटनास्थलतर्फ प्रस्थान गरिसकेको छ।

तत्कालीन जोखिम न्यूनीकरणका लागि तटबन्ध निर्माण गर्न आवश्यक ठूला ढुंगा जुटाउने काम भइरहेको छ। निर्माण सामग्रीको उपलब्धताका लागि गैंडाकोट नगरपालिकासँग समन्वय भइरहेको मन्त्रालयले जनाएको छ। नदीको दुवै तर्फका स्थानीय तह र प्रदेश सरकारको संयुक्त प्रयासबाट मात्रै दीर्घकालीन तथा दिगो समाधान सम्भव हुने मन्त्रालयको भनाइ छ।

दीर्घकालीन रूपमा नारायणी नदीको विस्तृत नदी नियन्त्रण तथा नदी व्यवस्थापन योजना तयार गर्ने प्रक्रिया अघि बढाइएको उनले बताए। यसबाट नदीको धार, बहाव र कटानको जोखिम कम हुने उनले बताए।

सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लाष्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वचछ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८